

आशा र अवसर

# वैदेशिक लगानीको अवसर र चुनौती



प्रेमलकुमार खनाल

हाम्रो जस्तो कम विकसित मुलुक जहाँ आन्तरिक स्रोतसाधन परिचालनको अवस्था कमजोर रहेको छ, जसले गर्दा राजस्वका स्रोतबाट साधारण खर्च पनि धान्न नसकिने अवस्थामा मुलुक पुगेको छ। विकासका लागि आवश्यक पर्ने झन्डै दुईतिहाई रकम वैदेशिक सहायता र लगानीमा भर पर्नुपर्ने अवस्था छ।

मुलुकमा युगान्तकारी परिवर्तन भएर नयाँ संविधान बनेको, झन्डै दुईतिहाइको जनमतका साथ स्थिर सरकार गठन भएर राजनीतिक अस्थिरताको करिब-करिब अन्त्य भएको, मुलुकमा समृद्ध नेपाल सुखी नेपालीको मूल नाराका साथ सरकारले विकासको अभियानलाई अगाडि बढाइरहेको, नेपालको आन्तरिक उत्पादन न्यून रहेको र छिमेकी मुलुक भारत र चीनको विशाल जनसंख्या रहेका कारण वस्तु तथा सेवा उत्पादनका वस्तुहरूको बजारको आन्तरिक एवं बाह्य हिसाबले पनि प्रचुर सम्भावना रहेको छ। नेपालमा पूर्वाधार विकासका क्षेत्र कृषि, पर्यटन, ऊर्जा आदि क्षेत्रमा लगानीको प्रचुर सम्भावना रहेको साथसाथै गत वर्ष जारी भएको श्रम कानुन र सामाजिक सुरक्षा ऐनले औद्योगिक सम्बन्ध व्यवस्थित गर्न मद्दत पुर्‍याउनुका साथै डुइङ बिजिनेस इन्डेक्सले पनि नेपालमा लगानीको वातावरण सिर्जना हुँदै गएको उल्लेख गरेको हुँदा पनि दृढ राजनीतिक इच्छा शक्तिका साथ, प्रभावकारी कूटनीतिक पहल, पूर्वाधार निर्माण र नीतिगत एवं संरचनात्मक सुधारको कार्यलाई तीव्रता प्रदान गर्दा नेपाललाई आवश्यक पर्ने वैदेशिक सहायता र लगानीका स्रोत जुटाउन सक्ने महत्वपूर्ण अवसर प्राप्त भएको छ।

अहिले विश्व व्यापारीकरण र नवउदारवादी अर्थनीतिको सन् १९९० को दशकदेखि अवलम्बन गरेयता विश्वव्यापी रूपमा अनुदान होइन, व्यापार र लगानी भन्ने नीतिलाई विकसित देशहरूले अवलम्बन गर्ने गरेका छन्। नेपालमा योजनाबद्ध विकासको थालनी भएको ६३ वर्ष व्यतीत भएको छ। योजनाको आरम्भदेखि नै आन्तरिक स्रोतसाधनलाई सुदृढ गरी विकास-निर्माणका कार्यलाई अगाडि बढाउनुको सट्टा विदेशी सहायता, अनुदान र ऋणमा नेपालले भर पर्दै आउनुपरेको छ। अब यसरी विदेशी सहायता र ऋणमा मात्र भर पर्ने स्थिति पनि छैन र विदेशी सहायता ऋणले अर्थतन्त्रको लागतलाई उच्च बनाउने काम गरेको छ।

अहिले मुलुकमा सामु कुल गाहस्थ्य उत्पादनमा पहिलो ६ महिनामा वैदेशीक ऋणको अंश ३२ प्रतिशत पुगिसकेको छ। विगत एक दशकमा कुल गार्हस्थ्य उत्पादनमा औसत ३० प्रतिशत नै वैदेशिक ऋणको अंश रहेको पाइन्छ। आव ०७५/७६ को ६ महिनामा आइपुग्दा झन्डै ७ खर्ब रकम विदेशी ऋण दायित्व रहेको छ।

मुलुकमा प्रत्यक्ष वैदेशिक लगानीको स्थिति हेर्दा त्यतिउत्साहजनक देखिँदैन। आर्थिक वर्ष ०७५/७६ सम्म कुल २ हजार ९ सय ६६ वटा परियोजनामा २ खर्ब ३१ अर्ब १७ करोड मात्र लगानी भएको देखिन्छ भने वैदेशिक लगानीमा सञ्चालित उद्योग तथा परियोजनमा जम्मा १ लाख १४ हजार ७ सय ९ जना रोजगारीमा संलग्न भएको देखिन्छ। तर, रोजगारी प्राप्त गर्नेमध्ये कति स्वदेशी र कति विदेशी मानिसले रोजगारी प्राप्त गरिरहेका छन् भन्ने सरकारी तथ्याङ्क प्रकाशित नहुनु विडम्बनाको विषय बनेको छ।

यस्तै वैदेशिक लगानीमा खास गरी कृषि तथा अन्यमा २ सय ७५ वटा उद्योगमा ६ अर्ब २८ करोड लगानी भएको छ भने निर्माण उद्योगका ४६ वटा उद्योगमा ३ अर्ब ९८ करोड, ऊर्जामूलक ८१ वटा उद्योगमा १ खर्ब २३ खर्ब ८२ करोड, सूचना प्रसारण, सञ्चार प्रविधिमा आधारित ५० वटा उद्योगमा ८५ करोड, उत्पादनमूलक ५६ वटा उद्योगमा ५ खर्ब ३७ अर्ब ४ करोड, खनिजतर्फ ७२ वटा उद्योगमा ७ अर्ब ९८ करोड, सेवामूलक १ हजार ५ सय ७५ वटा उद्योगमा ४९ अर्ब ६६ करोड र पर्यटनतर्फ १ हजार ४ सय ४१ वटा उद्योगमा ३४ अर्ब ५५ करोड गरी कुल जम्मा झन्डै २८ खर्ब लगानी भएको पाइन्छ।

यसरी लगानी भएको मध्ये देशगत रूपमा उद्योग संख्याका आधारमा सबैभन्दा बढी चीनको ३१.१ प्रतिशत र लगानी ३९.९८ प्रतिशत रहेको छ। जबकि भारतको उद्योग संख्याका आधारमा १६.४ प्रतिशतमात्र र लगानी ३३.४ प्रतिशत रहेको छ। वैदेशिक लगानीबाट सञ्चालन भइरहेका तथा सञ्चालनका लागि स्वीकृति पाएमा उद्योगमा गरी २.५० लाख रोजगारी सिर्जना हुने अनुमान गरिएको छ।

वैदेशिक लगानीमा सञ्चालन भएका कुल ४ हजार ६ सय ९६ परियोजनामध्ये प्रदेश १ मा १ सय २३, प्रदेश २ मा १ सय ४७, प्रदेश ३ मा ३ हजार २५, गण्डकी प्रदेशमा ४ सय ४, प्रदेश ५ मा ६७, कर्णाली प्रदेशमा ८५ र सुदुरपश्चिममा ४५ वटा उद्योग रहेका छन्। वैदेशिक लगानीमा सञ्चालन भएकामध्ये साना उद्योगहरू ३ हजार ९ सय ९०, मझौला ४ सय ११ र ठूला उद्योग २ सय ९५ वटा छन्। मुलुकभित्र वैदेशिक लगानी भित्र्याउने सन्दर्भमा खास गरी लगानीकर्ताहरूले मुलुकको समग्र आर्थिक स्थायित्व, राजनीतिक स्थिरता, कानुनी शासन, बजारको आकार र विस्तारको सम्भावना, कमाएको मुनाफा र लाभांश फिर्ता लैजाने व्यवस्था, विदेशी विनिमय परिवर्त्यको व्यवस्था, करका दरहरूको अवस्था, भौतिक पूर्वाधार निर्माणका लागि जग्गा, यातायात, सञ्चार, विद्युत्, शान्ति-सुरक्षा आदिको स्थिति, वातावरणीय अवस्था आदिका बारेमा विविध विषयमा अध्ययन गरेर लगानीको वातावरण उपयुक्त छ/छैन भनेर विश्लेषण गर्ने गर्छन्।

नेपालमा वैदेशिक लगानी भित्र्याउने सम्बन्धमा संविधानमा नै राष्ट्रिय हितअनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिलाई आकर्षित गर्ने नीतिलाई दिशाबोध गरेको छ। यसै सन्दर्भमा गत वर्षमात्रै नयाँ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ जारी भएको छ। ऐनमा मुलुकको आर्थिक समृद्धिका लागि उपलब्ध स्रोत-साधनको अधिकतम परिचालन गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी, सुदृढ तथा रोजगारउन्मुख बनाउन र उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र पूर्वाधार विकास तथा वस्तु सेवाको उत्पादनका क्षेत्रमा विदेशी पुँजी, प्रविधि र लगानीलाई आकर्षित गर्न लगानी मैत्रीवातावरण सिर्जना गर्दै औद्योगीकरणमार्फत दिगो आर्थिक वृद्धि हासिल गर्ने उद्देश्य राखिएको छ। यसका साथै वैदेशिक लगानीलाई आकर्षित गर्न औद्योगिक नीति, विदेशी लगानी नीति, श्रम ऐन, विशेष आर्थिक क्षेत्र ऐन, उपभोक्ता संरक्षण ऐन, औद्योगिक व्यवसाय ऐनजस्ता ऐनहरूसमेत रहेका छन्। यसका साथै पन्ध्रौं पञ्चवर्षीय योजनामा समेत वैदेशिक लगानीलाई आकर्षित गर्न नीतिगत एवं कानुनी व्यवस्था गर्ने उल्लेख गरिएको छ। यसैगरी विदेशी लगानीलाई आकर्षित गर्न फ्रान्स, बेलायत, मौरिसस, फिन्ल्यान्ड र भारत गरी जम्मा ६ वटा देशसँग विप्पा सम्झौता तथा विभिन्न १० वटा देशसँग दोहोरो कर मुक्तिका लागि सम्झौता गरेको छ। नेपालमा लगानीको सुरक्षा र लगानीको प्रतिफल फिर्ता लैजाने व्यवस्थाको प्रत्याभूतिका लागि बहुपक्षीय लगानी सुनिश्चित नियोग (मिगा) को र वैदेशिक लगानीसम्बन्धी विवाद समाधानका लागि अन्तर्राष्ट्रिय व्यापार कानुनसम्बन्धी संयुक्त राष्ट्रसंघीय आयोग (युनिसिटिरल) को पनि नेपाल पक्ष राष्ट्र रहेकाले वैदेशिक लगानीका लागि नीतिगत एवं कानुनी हिसाबले नेपालमा विदेशी लगानीका लागि पूर्वाधार रहेको देखिन्छ।


तर, उपर्युक्त नीतिगत र कानुनी व्यवस्था भए पनि विगत तीन दशकसम्मको राजनीतिक अस्थिरताले विदेशी लगानीकर्तालाई अझै पनि ढुक्क भएर लगानीका लागि आकर्षित भने गर्न सकिएको छैन। अहिले झन्डै दुईतिहाईको जनमतका साथ सरकार गठन भए पनि मन्त्री र कर्मचारीतन्त्रमा भइरहने बराबरको फेरबदलले राजनीतिक स्थिरता कायम हुन नसकेको सन्देश दिइरहेको छ। अझै पनि प्रशासनभित्र राजनीतिक र कर्मचारीतन्त्रमा उत्तरदायित्व एवं पारदर्शिता कायम हुन सकेको छैन। भौतिक पूर्वाधारको अपर्याप्तता, दक्ष कामदारको अभाव, एकद्वार नीतिको प्रभावकारितामा कमी, जग्गा प्राप्ति र जग्गाको मूल्यको मूल्याङ्कनमा सरल, सुपथ वैज्ञानिक निर्धारण गर्ने विधि पद्धतिको कमी, प्रक्रियागत ढिलासुस्ती, भ्रष्टाचार, बजारको अनिश्चितता, न्यून आयका कारण उपभोक्ताको कमजोर क्रयशक्ति र बैंकहरूको लगानीको पुँजीगत आधार कमजोर अवस्थामा रहेको छ।

मुलुकमा आर्थिक-सामाजिक रूपान्तरण गरेर आर्थिक विकास र समृद्धि हासिल गर्दै समाजवादको आधार निर्माण गर्ने संवैधानिक कार्य दिशालाई आत्मसात् गरेर अगाडि बढ्नु जरुरी छ। औद्योगीकरणको प्रक्रियालाई अगाडि नबढाईकन व्यापक रोजगारीका अवसर सिर्जना पनि गर्न सकिँदैन, तसर्थ उत्पादन वृद्धि गरेर आयात प्रस्थिापन गर्दै देशलाई आत्मनिर्भर बनाउने र निर्यात प्रवर्द्धन गर्ने नीतिका साथ अगाडि बढ्नु जरुरी छ। तर, औद्योगीकरण गर्नका लागि आर्थिक पुँजी पर्याप्त छैन। उत्पादन बढाउने, रोजगारी व्यापक रूपमा विस्तार गर्न कृषि, पर्यटन, ऊर्जाजस्ता क्षेत्रमा विदेशी लगानीलाई व्यापक रूपमा भित्र्याउनु आवश्यक छ। तर, विदेशी लगानी भित्र्याउने नाममा बाह्य लगानीमा मात्र निर्भर हुने र देशभित्र बचत परिचालन गरी राष्ट्रिय पुँजी निर्माण गर्नेतर्फ ध्यान नदिने हो भने देश विदेशी ऋण र लगानीका कारण परिनिर्भरताको माखेसाङ्लोमा फस्न पुग्छ। यसले आत्मनिर्भर होइन, परनिर्भरता नै बढाएर लैजान्छ र स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्दैन। तसर्थ अब वैदेशिक लगानीलाई आन्तरिक लगानी र वैदेशिक लगानीका बीच सन्तुलनको नीतिका साथ अवलम्बन गर्नुपर्छ। वैदेशिक लगानीलाई अल्पकालसम्म मात्र अर्थात् १०/१५ वर्षभित्रसम्म आकर्षित गर्ने र सो अवधिसम्म स्वदेशी पुँजीको व्यापक विस्तार गर्ने नीति अवलम्बन गर्नुपर्छ। वैदेशिक लगानीलाई स्वदेशी श्रम, सीप तथा साधनको अत्यधिक उपयोग गर्ने गरी भित्र्याउनुपर्छ। यस्तै पूर्वाधारका क्षेत्र, सडक, हवाई यातायात, जल यातायात, कृषि आधारित उद्योग, पर्यटनजस्ता क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नुपर्छ। साना खालका उद्योगहरूमा स्वदेशी लगानीकर्तालाई नै लगानी गर्न प्रोत्साहित गर्ने नीति अवलम्बन गर्नुपर्छ। वैदेशिक लगानी भित्र्याउने नाममा नेपालमा सस्तो श्रमअभ्यास छ भनेर जुन प्रचार भइरहेको छ, श्रमजीवीवर्गको कोणबाट हेर्दा यस किसिमको प्रचार बेठीक छ। देशको श्रमशक्तिलाई दक्ष बनाउन सीपमूलक तालिमलाई घनीभूत रूपमा सञ्चालन गर्नुपर्छ। मुलुकभित्र स्थापित हुने वैदेशिक लगानीका उद्योग-व्यवसायमा श्रमिकहरूको सेवासुविधा र उनीहरूको संगठित हुन पाउने र सामुहिक सौदावाजी गर्न पाउने अधिकारलाई सुनिश्चित गरेर मात्र वैदेशिक लगानी भित्र्याउनुपर्छ। वैदेशिक लगानीकर्ताले उत्पादन, रोजगारी वृद्धि नगरी श्रम शोषण गरेर अधिक मुनाफा खोज्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ।

मुलुकमा वैदेशिक लगानीलाई आकर्षित गर्न खास गरी राजनीतिक र कर्मचारीतन्त्रको मनोवृत्तिमा सुधार गर्न जरुरी छ। राजनीतिक र कर्मचारीतन्त्रमा विद्यमान भ्रष्ट मनोवृत्ति भइरहेमा लगानीकर्ताहरू लगानीका लागि उत्साहित हुने स्थिति छैन। यसैगरी योग्यता र क्षमताका आधारमा मन्त्री र कर्मचारीतन्त्रको छनोट गर्ने विधि अवलम्बन गर्ने र उनीहरूलाई कामप्रति जवाफदेही र उत्तरदायी बनाउने ढंगले नीतिगत एवं कार्यशैलीमा सुधार गर्नु जरुरी छ। विद्यमान ऐन-कानुनहरूमा सामन्जस्यता र एकरूपता कायम गरी विदेशी लगानीलाई आकर्षित गर्नु जरुरी छ।

वैदेशिक लगानीलाई आकर्षित गर्न आर्थिक कूटनीतिलाई पनि प्रभावकारी रूपमा परिचालन गर्न जरुरी छ। नेपालको कूटनीतिक सम्बन्ध भएका देशहरूमा राजदूतहरूमार्फत नेपालमा लगानीको सम्भावना र क्षेत्रका बारेमा सम्बन्धित देशमा प्रचारप्रसार गर्न, लबिङ गर्न राजदूतहरूलाई परिचालन गर्नुपर्छ। सम्बन्धित देशहरूमा नेपाली दूतावासकै आयोजनामा नेपालमा लगानीको सम्भाव्यता विषयमा गोष्ठी, अन्तर्क्रिया गराउनुपर्छ र यस्ता कार्यको प्रभावकारिताकै आधारमा राजदूतहरूको कामको समीक्षा र मूल्यांकन गर्ने व्यवस्था गर्नु जरुरी छ। तसर्थ राजदूतहरू नियुक्ति गर्दा कूटनीतिक मामलामा दक्खल राख्नुका अतिरिक्त मुलुकको आर्थिक मामलामा विज्ञ र अनुभवी व्यक्तिहरूको छनौट गर्न राजदूतहरूको नियुक्तिका लागि योग्यता पनि निर्धारण गर्नु जरुरी छ र सक्षम तथा योग्य व्यक्ति राजदूत पदमा छनोट गर्ने व्यवस्था गर्नुपर्छ। ●






१७ औं वार्षिक विशेषाङ्क

## आशा र अवसर

# मौलिक स्वाद, मौलिक आकर्षण



**बाबुकाजी कार्की**

हिमाल आरोही र ट्रेकिङमा जाने र पठाउने संघसंस्थाहरू तथा स्थानीय स्तरमा होटलया व्यवसायी लगायतका सरोकार पक्षले सरसफाइ र फोहोर मैला व्यवस्थापनमा विशेष चनाखो हुनपर्ने देखिन्छ। पर्यावरणीय पर्यटनको प्रमुख उद्देश्य भनेको पर्यटकीय स्थलको वातावरण,प्राकृतिक श्रोतको संरक्षण, स्थानीय संस्कार र संस्कृतिको जगेर्नाको साथै स्थानीयवासीको जीवनस्तर उकास्नु हो। पर्यावरणीय पर्यटनको प्रमुख आकर्षण भनेको प्राकृतिक विविधता, जीवजन्तु, वनस्पती तथा त्यहाँको धार्मिक साँस्कृतिक सम्पदा नै हो।




नेपाल भ्रमण वर्ष २०२० को प्राराम्भ भएको छ। यस अवसरमा पर्यटन उद्योगलाई दीर्घकालिनरुपमा स्थापित गराउने अवसरको रुपमा भ्रमण वर्षलाई उपयोग गर्न विशेष ध्यान दिन चुक्नु हुन्न। अचेल पर्यटन उद्योग विश्वमा नै फस्टाउदै गएको जगजाहेर छ। पर्यटन व्यवसायको कारण कतिपय देशले दिगो विकासमा फड्को मारेका छन्। नेपालको पर्यटन विकासमा सरकारी गैरसरकारी संघसंस्था बाट आसातित पहल हुन सकेको छैन्। पर्यटन वर्ष मनाउदै गर्दा पर्यावरणीय संवेदनशिलतालाई पनि उत्तिकै हेक्का राख्न चुक्नु हुन्न। भ्रमण वर्षको गतिविधि संचालनमा पर्यावरणीय मूल्यमान्यतालाई उच्च प्राथमिकता राख्न विर्सनु गम्भिर भूल हुनेछ। दिगो विकासमा टेवा पुऱ्याउन पर्यावरणीय पर्यटन (पर्या–पर्यटन)लाई विशेष प्राथमिकता दिनुको विकल्प छैन्। पया–पर्यटन अवधारणाको सुरुवात सन १९७०को दशकबाट भएको हो। नेपालमा पनि पर्यापर्यटनलाई टेवा पुऱ्याउने हेतु पाँच दशक अघि देखि संगठित तथा संस्थागतरुपमा विभिन्न राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्षण, वनस्पति संरक्षण विधिवत रुपमा हुदै आएको छ। हुनत पर्यावरणको समरक्षण र सम्बर्धनका लागि पौराणिककाल देखि नै अभ्यास हुदै आएको धार्मिक परम्परा र ग्रन्थमा पाइन्छ। कतिपय सम्प्रदायले प्रकृति पूजालाई इष्ट देवको रुपमा मान्दै आएका छन्। देवी देवताको वाहनको रुपमा जनावर तथा प्रतिकको रुपमा वनस्पतिको नदी ताल, पोखरी आदी प्राकृतिक सम्पदाको पूजाआजा र समरक्षण हुदै आएको छ। हाम्रो पुर्खाले देखाएको प्रकृति प्रेमलाई मात्र अनुशरण गर्न सकेमा पनि पर्यापर्यटन प्रबर्द्धनमा ठूलो योगदान पुग्ने छ।

नेपालले विश्वको कूल भूभागको ०.०३ ओगटे पनि प्राकृतिक सुन्दरता र भौगोलिक तथा जैविक विविधतामा अग्रहणी स्थानमा आउछ। विविधतायुक्त हावापानी प्राकृतिक भूबनोट ,जैविक एवम् जल सम्पदाले विश्वमै एउटा अति पर्यटकीय संभावना बोकेको देशको रुपमा उभ्याएको छ। नेपाल भौगोलिक रुपमा सानो भएतापनि प्राकृतिक स्रोतसाधान तथा सुन्दरतामा विश्वमै धनि मानिन्छ। विश्वको सर्वोच्च शिखर सगरमाथादेखि संसार कै अति मनोरम पर्वत, सर्वाधिक होचो अरुण उपत्यका र गहिरो खोंच कालीगण्डकीलगायतका कतिपय प्राकृतिक पर्यटकीय आकर्षणस्थथल छन्। विश्वकै अग्लो स्थानमा रहेको तिलिचो ताल दक्षिण एसियाकै अग्लो झर्ना ह्यातुङलगायत अन्य प्रकृतिका अनुपम संरचना पर्यटकीय रोचक गन्तव्य बारे प्रचारप्रशारको अभावमा ओझलमा परेका छन्। जैविक विविधता, प्याराग्लाइडिङ, ट्रेकिङ, बन्जीजम्प तथा नदी र्‍याफ्टिङ पर्यटक आकर्षणका माध्यम हुन। धरातलीय विविधता र हावापानीका कारण जैविक विविधतामा नेपाल विश्वको २५औं र एशियाको ११औं स्थानमा पर्दछ।

नेपालमा १२५ जातजाती र १२३ भाषाभाषीको सुमधुर धार्मिक सांस्कृतिक विविधता छ। आधुनिक मानव सभ्यताले नविटुलिएको आफ्नै रीतिरिवाज र परम्परामा चलेका गाउँवस्तीको वैज्ञानिक अध्ययन अवलोकनका लागि पर्यटकको लागि आकर्षणको आधार बन्ने प्रति दुईमत हुन सक्दैन्। यहाँका परम्परागत मौलिक घरेलु सीप तथा प्रविधिको उचित पहिचान र प्रवर्धन गरेर पर्यटक लोभ्याउन सकिन्छ। कोशी टप्पुलगायतका सिमसारमा चराका जातजाति तथा बसाइसराई अध्ययनका लागि आकर्षक दुर्लव क्षेत्र हुन सक्छन्। प्राकृतिक साँस्कृतिक विविधताले भरिपूर्ण हाम्रो समुदाय, समाज र देशको दिगो विकासको लागि पर्यापर्यटनको महिमा अनुपम रहेका हेक्का सबैमा हुनु आजको आवश्यकता हो।

**आधुनिकता र कृतिमताबाट वाक्क भएर मानिस अहिले प्रकतिको सामिप्यतामा रमाउने चाहना बढेको पाइन्छ।**

पर्यावरणीय पर्यटनका लागि धेरै लगानीको आवश्यकता पर्दैन। स्थानीय ग्रामीण क्षेत्रमा समेत त्यहाँको मौलिक संस्कार संस्कृति र प्रकृतिको बारेमा प्रचार प्रशार गरेर पर्यटन प्रवर्द्धन गर्न सकिन्छ। पछिल्ला समयमा कतिपय ग्रामिण क्षेत्रमा होम स्टे खोलेर पर्यटक आकर्षण गर्ने होड नै चलेको छ। आन्तरिक र बाह्य पर्यटकको रोजाईमा परेका त्यस्ता गाउँ वस्तीमा स्थानीयस्तरमा नै रोजगार सिर्जना भै जीवनस्तर उकास्न टेवा पुगेको वास्तविकता हो।

हिमाल आरोहणका लागि नेपाल विश्वमा नै प्रख्यात छ। पछिल्ला समयमा आरोहणका कारण हिमालमा फोहोर मैला थुप्रियर प्रदूषण बढ्दै गएको छ। फोहोर को डंगूरका कारण हिमाली पर्यावरणमा गम्भीर अशर परेको विभिन्न अध्ययन अनुसन्धानले पुष्टि गरेको छ। पर्यटनको प्रमुख आकर्षण हिमाललाई स्वच्छ राख्न सरकारले गम्भिर कदम चाल्न विलम्ब भैसकेको छ। हिमाल आरोही र ट्रेकिङमा जाने र पठाउने संघसंस्थाहरु तथा स्थानीय स्तरमा होटलया व्यवसायी लगायतका सरोकार पक्षले सरसफाइ र फोहोर मैला व्यवस्थापनमा विशेष चनाखो हुनपर्ने देखिन्छ। वतावरण समरक्षण गरेर पर्यटन व्यवसायलाई दिगो बनाउन पर्याय पर्यटनको महत्व बारे सरोकार पक्षलाई आवश्यक जनचेतनाका कार्यक्रमको खाँचो खट्किएको देखिन्छ।


पर्यावरणीय पर्यटनको प्रमुख उद्देश्य भनेको पर्यटकीय स्थलको वातावरण,प्राकृतिक श्रोतको संरक्षण, स्थानीय संस्कार र संस्कृतिको जगेर्नाको साथै स्थानीयवासीको जीवनस्तर उकास्नु हो। पर्यावरणीय पर्यटनको प्रमुख आकर्षण भनेको प्राकृतिक विविधता, जीवजन्तु, वनस्पती तथा त्यहाँको धार्मिक साँस्कृतिक सम्पदा नै हो। अन्तर ाष्टिय पर्यावरणीय पर्यटन समाज १९९० का अनुसार पर्यावरणीय पर्यटन प्रकृति प्रति उत्तरदायी यात्रा हो। जसले वातावरण संरक्षण तथा स्थानीय मानिसको जीवनस्तरमा सुधार ल्याउँछ। पर्यावरणीय पर्यटन वातावरण मैत्री पर्यटन भएको ले नवीकरणीय ऊर्जा, सौर्य ऊर्जा, वायु तथा वायो ग्यास ऊर्जा, आदीको प्रयोग गरी परम्परागत ऊर्जाको प्रयोगबाट उत्सर्जन हुने हरितगृह ग्यासको मात्रालाई कम गर्न टेवा पुग्दछ। त्यस्तै सेवाप्रदायक होटल तथा लजले पर्यटकको सेवा सत्कार पछी उत्पन्न हुने फोहोर मैलाको पुनः प्रशोधन, पुनः प्रयोग, पुनर्लाभ तथा न्युनीकरण गर्ने सवालमा ध्यान दिन जरुरी छन। पर्यटक स्वयम्लाई पनि यस बारेमा संवेदनशील र इमान्दार हुनुपर्ने हुन्छ। फोहोर मैला को उचित व्यवस्थापन नहुदा दुर्गन्ध फैलिइ वातावरण प्रदूषण भै पर्यटन व्यवसायलाई नै नकारात्मक असर पर्न जान्छ।


आधुनिकता र कृतिमताबाट वाक्क भएर मानिस अहिले प्रकतिको सामिप्यतामा रमाउने चाहना बढेको पाइन्छ। समयको अन्तरालसँगै मानिसमा प्रकृति सँगको सामिप्यताको महत्वबारेमा शोच्ने र प्रत्यक्ष अनुभुति गर्ने चाहन पनि बढ्दै छ। आज धेरै जसो पर्यटकमा प्राकृतिक शौन्दर्यताबाट आफुले मात्र क्षणिक आनन्द लिने स्वार्थीपन देखिन्छ। भावि पुस्ताको लागि प्राकृतिक सौन्दर्यताको दीर्घकालिन व्यवस्थापन गर्ने चिन्ता र चासो सरोकार पक्षमा नभएको आभास हुन्छ। पर्यावरण समरक्षण र सुधारको लागि बैलैमा ध्यान दिन नसकेमा पर्यटन व्यवसाय नै क्रमश धरापमा नपर्ला भन्न सकिन्न। पर्यापर्यटनको महत्व र महिमा बारे चनाखो रहनु बुद्धिमानी ठहर्छ। प्राकृतिक सुन्दरताको संरक्षण र सम्बर्धन गर्दै दिगो व्यवस्थापनका लागि सरकार र सरोकार पक्षले बेलैमा ध्यान दिनु पर्ने देखिन्छ। ●







# विप्रेषणको अवस्था र चिन्ता



**देवेन्द्र अर्याल 'आँसु'**

> सुलेमानीको आक्रमणपश्चात् इरानले जनवरी ८ मा इराकस्थित इरबिल र अल असदका दुई अमेरिकी सैन्य शिविरमा मिसाइल आक्रमण गरेपछि खाडी क्षेत्रमा झन् तनाव बढेको हो । प्रत्युत्तरमा अमेरिकाले आफ्ना सेनाको प्रतिरक्षाका लागि जस्तो पनि कदम चाल्ने कडा चेतावनी दिएका कारण खाडीक्षेत्र मात्र नभएर अहिले विश्वमै सन्त्रास बढेको छ, जसका कारण हाम्रो जस्तो मुलुकमात्र नभएर विकसित मुलुकले पनि त्यसको थप असर भोग्नुपर्ने सम्भावना बढेको देखिन्छ । ”

पछिल्लो समय अमेरिका र इरानबीच बढेको द्वन्द्वका कारण नेपाली अर्थतन्त्रमा प्रत्यक्ष असर पर्ने सम्भावना पनि बढेको छ, जसका कारण नेपाली अर्थतन्त्र नराम्रोसँग प्रभावित हुने अर्थविद्हरूको अनुमान पनि छ । नेपाली अर्थतन्त्रको मूलआधार बनेको विप्रेषण वा रेमिट्यान्सको घट्नेक्रम दिनप्रतिदिन जारी छ । सन् २०२० जनवरी ३ मा इराकको कुर्दिस फोर्सका कमान्डर जनरल कासिम सुलेमानीसहित आठ जनाको अमेरिकी सैनिकद्वारा हत्या भएपछि बढेको द्वन्द्वका कारण विश्वका अधिकांश देश त्यसबाट उत्पन्न हुने नकारात्मक असरप्रति गम्भीर र थप चिन्तित बन्न पुगेका देखिन्छन्, जसका कारण विश्वका केही मुलुकको अर्थतन्त्रसमेत प्रभावित हुने सम्भावना बढ्दै गएको छ ।



सुलेमानीको आक्रमणपश्चात् इरानले जनवरी ८ मा इराकस्थित इरबिल र अल असदका दुई अमेरिकी सैन्य शिविरमा मिसाइल आक्रमण गरेपछि खाडी क्षेत्रमा झन् तनाव बढेको हो । प्रत्युत्तरमा अमेरिकाले आफ्ना सेनाको प्रतिरक्षाका लागि जस्तो पनि कदम चाल्ने कडा चेतावनी दिएका कारण खाडीक्षेत्र मात्र नभएर अहिले विश्वमै सन्त्रास बढेको छ, जसका कारण हाम्रो जस्तो मुलुकमात्र नभएर विकसित मुलुकले पनि त्यसको थप असर भोग्नुपर्ने सम्भावना बढेको देखिन्छ । यदि खाडी क्षेत्रमा उक्त विवाद कायमै रहेको खण्डमा नेपाली अर्थतन्त्र पनि धराशायी हुने देखिन्छ ।

यदि खाडी क्षेत्रमा द्वन्द्व बढिरहेमा खाडी क्षेत्रमा तीव्र रूपमा भइरहेको पूर्वाधार निर्माणको काम रोकिनेछ र त्यसले त्यहाँ कार्यरत नेपाली कामदार पनि स्वदेश फर्कन बाध्य हुनेछन् । यदि इरान-अमेरिकाको द्वन्द्व यही रूपमा कायम रहने हो भने मध्यपूर्वका एक दर्जनभन्दा बढी मुलुकसमेत नराम्रोसँग प्रभावित हुनेछन् । इरान, इराक, साइप्रस, सिरिया, जोर्डन, लेबनान, टर्की, यमनलगायतका देशमा नेपाली राजदूतावास समेत छैन । राजदूताबास नहुँदा त्यहाँ नेपाली श्रमिकहरूले भोग्नुपर्ने समस्या त बेग्लै छ। खाडी मुलुकमा मात्र झन्डै १० लाख नेपाली कार्यरत छन् । वैदेशिक रूपमा प्रतिबन्ध लगाइएका इराक र इरानलगायतका देशमा समेत नेपालीहरू काम गर्न पुगेका छन् । त्यसो त वैदेशिक रोजगार ऐन, २०६४ अनुसार ५ हजारभन्दा बढी कामदार भएको मुलुकमा अनिवार्य रूपमा श्रम सहचारी राख्नुपर्छ । रोजगार ऐनमा सो व्यवस्था भए पनि कैयन् मुलुकमा श्रमचारी नभएका राजदूतावास पनि रहेका छन् । विश्वमा नेपालको ३० देशमा राजदूतावास, ६ देशमा महावाणिज्य दूतावास, ३ देशमा स्थायी नियोग, ७ देशमा श्रम सहचारी र ५ देशमा कन्सुलर रहेका छन् । जोर्डन, इराक, टर्की, सिरिया, साइप्रस, यमन, बहराइन, इरान, इजरायल, लेबनान आदि देशमा कुनै पनि राजदूत, श्रमसहचारी, महावाणिज्य दूतावास, स्थायी नियोग, कन्सुलर र श्रमसहचारी रहेका छैनन् । साउदी अरब, ओमान, युएई, कतार, कुबेतमा श्रमसहचारीमात्र रहेका छन् । त्यस्तै, कतार, साउदी अरब, युएईमा भने कन्सुलरमात्र रहेका छन् ।

विश्वमा नेपालीहरू रोजगारीका लागि जाने क्रम दिनप्रतिदिन बढ्दै गएको देखिन्छ । विदेशका थुप्रै मुलुकमा नेपाली कामदारहरू विभिन्न रूपमा कार्यरत् छन् । जोर्डनमा ८ हजार ६ सय ६३, कुबेतमा ८९ हजार ९ सय १९, इरानमा २४, ओमानमा २० हजार, साउदी अरबमा ४ लाख १९ हजार ७ सय ७८, इजरायलमा २ हजार ४ सय २९, टर्कीमा ४ हजार, कतारमा ६ लाख, युएईमा ४लाख, बहराइनमा २८ हजार ९ सय २३, ओमानमा २० हजार नेपाली कामदार रहेका छन् । यसरी हेर्दा देशभित्र भित्रिने विप्रेषणको करिब ७५ प्रतिशत हिस्सा खाडी क्षेत्रका मुलुकबाट नेपालमा आउने गरेको देखिन्छ । नेपाली अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्ने त्यो विप्रेषण यदि खाडी मुलुकमा सङ्कट बढेमा प्रभावित हुने देखिन्छ । विद्यमान द्वन्द्व न्यूनीकरणका लागि गरिने प्रयास असफल भएमा त्यसको दीर्घकालीन असर विश्वअर्थतन्त्रमा मात्र होइन हाम्रो जस्तो मुलुकमा त प्रत्यक्ष रूपमा नै देखिनेछ । यदि यस द्वन्द्वले विकराल रूप लिएको खण्डमा नेपाली अर्थतन्त्रमा नकारात्मक असर पर्ने पक्कापक्की छ । जबकि आर्थिक वर्ष २०७५/७६ मा कुल गार्हस्थ उत्पादनको २३ प्रतिशत बराबार विप्रेषण स्वदेश भित्रिएको थियो ।

अर्कातिर सुलेमानीको हत्या र इरानको अमेरिकी सैन्य शिविरमा आक्रमणपछि विश्वबजारमा सुन र तेलको मूल्य पनि एकाएक बढ्न पुगेको छ । दुई देशबीच भएको तेल आपूर्तिमा अवरोध आउने सम्भावनाका कारण विश्व बजारमा तेलको मूल्यवृद्धि भएको हो । तेलको मूल्य वृद्धिका कारण विभिन्न उत्पादनको मूल्यसमेत प्रभावित हुन सक्छ । गत वर्ष कतारसँग साउदी अरेबिया, इजिप्ट, संयुक्त अरब इमिरेट्स, बहराइन, यमन र लिबियाले सम्बन्धविच्छेदको घोषणा गरेपछि कतारको अर्थतन्त्र प्रभावित भयो, जसका कारण त्यहाँबाट नेपाली कामदारहरू पनि स्वदेश फर्कन बाध्य भए । त्यसले नेपाली अर्थतन्त्रमा पनि असर पारेको देखिन्छ ।

पछिल्लो समयमा स्वदेशमा रोजगारी नभएका कारण र राम्रो कमाइ हुने आसमा कैयन् नेपाली वैदेशिक रोजगारीका लागि अनुमति नदिएका देशमा पनि काम गर्न जान बाध्य भएका छन्, जसबाट पनि ठूलो मात्रामा विप्रेषण नेपाल भित्रने गरेको छ । हाल नेपालमा १ सय ५८ राष्ट्रबाट रेमिट्यान्स भित्रिने गर्छ । वैदेशिक रोजगारीका लागि नेपालले विश्वका १ सय १० देशसँग सम्झौता गरिसकेको छ । पछिल्लो समयमा सरकारले वैदेशिक रोजगारीका लागि अनुमति नदिएका ४८ राष्ट्रमा नेपालीहरू रोजगारीका लागि भित्रिएका छन् भने इराक, अफगानिस्तान, लिबियालगायत राष्ट्रमा हाल काम गर्न जान स्थगित गरिएको छ, तर पनि स्वदेशका रोजगारीको भरपर्दो व्यवस्था नभएका कारण गैरकानुनी बाटोबाट त्यहाँ काम गर्न जाने नेपालीको सङ्ख्या पनि बढी रहेको छ । संयुक्त राष्ट्रसंघमा आबद्ध राष्ट्रअनुसार विश्वमा कुल १९५ राष्ट्र छन् । तीमध्ये १९२ सदस्य र दुईवटा एसोसिएट सदस्य छन् ।

त्यसमध्ये ८१ प्रतिशत मुलुकमा नेपालीहरूले काम गर्ने र त्यहाँबाट विप्रेषण स्वदेश पठाउने गरिएको पाइन्छ । नेपालमा धेरै विप्रेषण आउने राष्ट्र कतार हो । गत वर्ष कतारबाट मात्र करिब ७ करोड ८३ लाख ९३ हजार ६ सय ६८ अमेरिकी डलर रेमिट्यान्स नेपाल भित्रिएको थियो । त्यसपछि साउदी अरबबाट मात्र करिब ७ करोड ९९ हजार ४ सय ७२ अमेरिकी डलर रेमिट्यान्स नेपाल भित्रिएको देखिन्छ । त्यसपछि दुबईबाट ६ करोड ९८ लाख ७० हजार ६ सय ४४ अमेरिकी डलर र मलेसियाबाट ५ करोड २२ लाख ४९ हजार ७ सय ७९ अमेरिकी डलर विप्रेषण नेपाल आएको पाइन्छ । त्यस्तै गरी अमेरिकाबाट ४ करोड ९८ लाख ४ सय ५९ हजार अमेरिकी डलर विप्रेषण नेपाल भित्रिएको देखिन्छ भने जापानबाट ४ करोड ६७ लाख ८२ हजार ३ सय ९९ अमेरिकी डलर नेपाल भित्रिएको देखिन्छ । दक्षिण कोरियाबाट २ करोड ७५ लाख २६ हजार १ सय ३४, कुबेतबाट १ करोड ९९ लाख ३४ हजार १ सय ३२, बहराइनबाट १ करोड २१ लाख ७३ हजार १ सय ९४ र बेलायतबाट १ करोड १६ लाख ५० हजार २१ अमेरिकी डलर विप्रेषण नेपाल भित्रिएको राष्ट्र बैंकको तथ्याङ्कले देखाएको छ । यो राष्ट्र बैंकको बैंकिङ प्रणाली र रेमिट्यान्स कम्पनीमार्फत नेपाल भित्रिएको रकमको तथ्याङ्क हो । यसबाहेक अनौपचारिक माध्यमबाट नेपाल भित्रिने रकमको यहाँ तथ्याङ्क समावेश भएको छैन । जबकि हुन्डीबाट पनि नेपालमा ठूलै रकम भित्रिने गरेको छ । त्यसैले नेपालमा बर्सेनि कति रकम विप्रेषणका रूपमा भित्रन्छ, त्यसको सही तथ्याङ्क निस्कन सकेको छैन ।

गत साल कात्तिक मसान्तसम्ममा ३ खर्ब १२ अर्ब रुपैंया रेमिट्यान्स नेपाल भित्रिएकोमा यस वर्ष कार्तिक मसान्तसम्म ३ खर्ब ४ अर्ब रुपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको छ । जसबाट के प्रस्ट हुन्छ भने रेमिट्यान्स आप्रवाह क्रमशः घट्दै गइरहेको छ, जसको मूलकारण खाडी मुलुकमा बढ्दै गएको द्वन्द्व र विदेशी कामदार कटौति नै प्रमुख कारण हुन् । मलेसियामा करिब १५ महिना नयाँ रोजगारी रोकिएका कारण पनि नेपाली अर्थतन्त्रमा प्रभाव परेको हो । कतारमा भएको आर्थिक नाकाबन्दीका कारण त्यहाँ जाने नेपाली कामदारको सङ्ख्यासमेत घट्न पुगेको देखिन्छ, जसका कारण पनि विप्रेषण दर क्रमशः घट्न पुगेको हो । गतवर्ष रोजगारीका लागि बिदेसिने नेपालीको सङ्ख्या घटेका कारण विप्रेषण पनि घट्न पुगेको थियो, तर यो वर्ष रोजगारीका लागि बाहिरिने नेपालीको सङ्ख्या बढेको छ ।

स्वदेशमा रोजगारीको व्यवस्था गर्न विभिन्न योजना ल्याएर बिदेसिने क्रम न्यून गर्नुपर्नेमा सरकारले त्यो गर्न सकेको छैन । बिदेसिने नेपालीहरूले पनि त्यहाँ भोग्नुपर्ने विभिन्न खालका समस्या आफ्नै ठाउँमा छन् । त्यसलाई समाधान गर्न सरकारले विशेष पहल गर्नुपर्ने देखिन्छ । बेलाबेलामा त्यहाँ घट्ने कुनै पनि घटना वा हिंसामा नेपालीहरूको अवस्था बुझ्न पनि सरकारलाई कठिनाई छ, जसका लागि नेपालले छिमेकी मुलुक भारत र चीनको भर पर्नुपर्ने अवस्था छ । कति देशमा राजदूतावास छैन, कतै कन्सुलरको अभाव देखिन्छ । श्रमसहचारीको व्यवस्था नहुँदा नेपालीले विभिन्न समस्या भोग्नुपरेको नै छ । नेपाली कामदारका समस्या हल गर्न नेपाल सरकारले विशेष पहल गरी नेपाली अर्थतन्त्रको ठूलो हिस्सा मानिने विप्रेषणको सुनिश्चितताका लागि गम्भीर भएर लाग्नु आजको आवश्यकता हो । नेपाली अर्थतन्त्रमा विप्रेषणको महत्व र भूमिका सहजै आंकलन गर्न सकिन्न । ●

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
श्रवण कुमार दाहाल
प्रबन्ध निर्देशक
तथा
एस.एन.एच.आर. म्यानपावर प्रा. लि.
परिवार
कालिमाटीडोल, एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ०१-४११२७२९

बधाई तथा शुभकामना
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन र विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
अमृत विश्वकर्मा / सालिकराम सुनार
तथा
आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.
परिवार
बाँसबारी, काठमाडौं, फोन: ४०१७५५७

बधाई तथा शुभकामना
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
Dharma Raj Giri
Chairman
Elite H.R. Solution Pvt. Ltd.
Femily
Sinamangal-9, (Opp. Nobel Hospital) Kathmandu, Tel.: 4116678

बधाई तथा शुभकामना
नेपाली राजनीति, अर्थ, स्वास्थ्य, खेलकुद, मनोरञ्जन र विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
कैलास खड्का
अध्यक्ष
तथा
नेपाल स्वास्थ्य व्यवसायी महासंघ
परिवार
ओमनगर, सिनामंगल-९, काठमाडौं, फोन: ४११००२१, ४११००९२

हार्दिक बधाई
मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पुरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
हरी डाँगी
अध्यक्ष
सुनिल अर्याल
प्रबन्ध निर्देशक
तथा
ब्लु ओसियन रिक्रुटमेन्ट प्रा.लि.
परिवार
नयाँ बानेश्वर, काठमाडौं, फोन : ४६२०१७५

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
हलेसी ओभरसिज प्रा. लि.
परिवार
गौशाला-९, रातोपुल, काठमाडौं, फोन : ४४८९९७५

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

## १७औं वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।

के.डी. जोशी
अध्यक्ष
तथा
**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
परिवार
सितापाईला, काठमाडौं, फोन: ४२८२५९०

**उज्यालो ओभरसिज प्रा. लि.**
परिवार
मध्य बानेश्वर, काठमाडौं, फोन: ४४९१६२६

**हेराल्ड ईन्टरनेशनल प्रा. लि.**
परिवार
नयाँबानेश्वर, काठमाडौं, फोन: ४४७५३३९

सुरेन्द्र तामाङ
प्रवन्ध निर्देशक
तथा
**सेफल्याण्ड ओभरसिज प्रा. लि.**
परिवार
भिमसेनगोला, पुरानो बानेश्वर-९, काठमाडौं, फोन : ४४८७७५८

Easy Overseas
**इजी ओभरसिज प्रा.लि.**
परिवार
बसुन्धारा, काठमाडौं, फोन : ४०१६५३९

BETA INTL
**बिटा ईन्टरनेशनल म्यानपावर प्रा. लि.**
परिवार
महाराजगंज, काठमाडौं, फोन: ४७२०९२२, ४७२१९२४

प्रेम वि.क.
प्रवन्ध निर्देशक
तथा
**तुलसी ओभरसिज सर्भिसेज प्रा.लि.**
परिवार
धापासी-९, बसुन्धारा, काठमाडौं, नेपाल, फोन: ४३५२६८८

युनिषा राई
प्रवन्ध निर्देशक
तथा
**त्रिवेणी देवी हेल्थ केयर सेन्टर प्रा. लि.**
परिवार
सामाखुसी, काठमाडौं, फोन नं.

वासु पुडासैनी
प्रबन्ध निर्देशक
तथा
**माईलस्टोन इम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
परिवार
हनुमानस्थान-१०, कुपण्डोल, ललितपुर, फोन: ५५२३३६२

इन्द्र थापा
प्रवन्ध निर्देशक
तथा
**फोकस नेपाल ओभरसिज प्रा. लि.**
परिवार
सिनामंगल, काठमाडौं, फोन नं.: ०१-४४७९२९७

प्रेम चौलागाई
प्रवन्ध निर्देशक
तथा
**न्यू पाथिभरा प्लेसमेण्ट सर्भिसेज प्रा. लि.**
परिवार
धापासी हाईट, काठमाण्डौं, फोन नं. ४३८७३९०

टेकचन्द्र गुरुङ
डाइरेक्टर
तथा
**बिनामाई इन्टरनेशनल प्रा. लि.**
परिवार
मिनभवन, काठमाडौं, फोन नं. ४१०७२००, ४१०७०७९

मोहमद जव्वरदीन मिया (मुन्ना)
प्रवन्ध निर्देशक
तथा
**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
परिवार
कुपण्डोल, ललितपुर, फोन: ५५२२१००

भीष्मराज शर्मा शिवाकोटी/ भूपाल शिवाकोटी
तथा
**शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.**
परिवार
सामाखुसी, काठमाडौं, फोन: ४३८७९९१

**सिदार्थ गौतम ओभरसिज सर्भिसेज प्रा.लि.**
परिवार
महाराजगंज, काठमाडौं, फोन: ४०१७५५९, ४०१७५४३

शमशेर बहादुर गुरुङ
प्रबन्ध निर्देशक
तथा
**ईमास्को नेपाल प्रा.लि.**
परिवार
गोंगबु, सामाखुसी, काठमाडौं, फोन : ४३६२७०८

शारदा न्यौपाने
प्रवन्ध निर्देशक
तथा
**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**
परिवार
बत्तिसपुतली-९, गौशला, काठमाडौं, फोन नं. ०१-४४६५७५३

**कान्तिपुर ओभरसिज सर्भिसेज प्रा.लि.**
परिवार
सामाखुसी, काठमाडौं, नेपाल
फोन: ४३६०६१५, ४३६१९१६

कमल सापकोटा
प्रवन्ध निर्देशक
तथा
**के एल इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.**
परिवार
कालीमाटीडोल , एयरपोर्ट, काठमाडौं, फोन : ४४६४११३

विजय गुप्ता
प्रवन्ध निर्देशक
तथा
**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.** ,परिवार
गौशाला-९, काठमाडौं,फोन: ४११३६८०

**हेल्प ओभरसिज प्रा. लि.**
परिवार
रेडक्रस मार्ग, कालिमाटी, काठमाडौं, फोन: ४३०११५८

सन्त कुमार लामा
प्रबन्ध निर्देशक
तथा
**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
परिवार
धोबीघाट, नयाँ बाटो, ललितपुर, फोन: ५५५५८२३

केदारनाथ आचार्य
अध्यक्ष, तथा
**इम्पावर ह्युमन रेसोर्सेस म्यानेजमेन्ट प्रा.लि.**
परिवार
सिनामंगल, काठमाडौं, फोन : ४४८८२६५

राम बहादुर सुवेदी (आरके)
अध्यक्ष
तथा
**गोल्ड ग्लोबल एक्टर्स फेरेडेशन (विश्व कलाकार महासंघ)**
परिवार

प्रम शर्मा पौडेल
निर्देशक/सम्पादक
तथा
**कोचे मल्टीमिडिया प्रा.लि.**
परिवार
बागबजार, काठमाडौं

केदार पराजुली
वितरक/निर्माता
तथा
**श्रीकृष्ण फिल्म प्रा.लि.**
परिवार
पोखरा, कास्की

गोविन्द शाहि
वितरक/निर्माता
तथा
**काब्य फिल्म प्रा.लि.**
परिवार

सन्तोष सेन
निर्माता, तथा
**आसुसेन फिल्म प्रा.लि.**
एवं
**चलचित्र, प्रेम गित ३**
परिवार

सुरेन्द्र तन्डुकार
तथा
**कलंकी सिनेमा प्रा.लि.**
परिवार
कलंकी, काठमाडौं

रजत बुढाथोकी
तथा
**सिने जोन स्टुडियो**
परिवार
बागबजार, काठमाडौं

रिमेश अधिकारी
तथा
**पदम कुमारी फिल्म प्रा.लिं**
एवं
**चलचित्र, नालापानी**
परिवार

दुर्गालाल प्रधान/अमृत प्रधान
तथा
**स्टाण्डर्ड ट्रेडर्स**
एवं
**शुभकामना हाइभिजन हल**
परिवार

# महिला पर्यटकको सुरक्षा सवाल



लक्ष्मी खनाल

भिजिट नेपाल वर्ष २०२० सुरु भइसकेको छ । सरकार र सबै सरोकारवालाले हाम्रो संस्कृति, परम्परा, स्वागत सत्कार, प्राकृतिक सौन्दर्य हेर्न आएका पर्यटकलाई डरलाग्दो अनुभव लिएर फर्कनुनपरोस् भन्ने वातावरण बनाउन जरुरी छ ।

नेदरल्यान्ड्सकी सोली (नाम परिवर्तन) नेपाल आएको दुई महिना भयो । यसअघि उनी दुईपटक नेपाल आएकी थिइन् । युरोपियन मूलकी उनलाई पहिले नेपाल आउने खबर पाएसँगै कहिले जाऊँ भएको थियो । उनले युरोपमा भएका आफ्ना साथीहरूलाई नेपाल जाने कुरा सुनाएकी थिइन् ।

उनीहरूले सुरक्षाका कारण राती घरबाहिर ननिस्कन सुझाउनुबाहेक नेपाल विदेशी पर्यटकका लागि सबभन्दा उत्कृष्ट गन्तव्य भएको बताए । नेपालीहरू एकदमै मिलनसार र 'वेलकमिङ' भएको पनि बताएका थिए ।

नेपालबारे यति धेरै सकारात्मक कुरा बोकेर पहिलोपल्ट नेपाल आउँदा होलीको समय थियो । होलीको रंगमा उनलाई पनि रंगिन मनलाग्यो र उत्साहित बन्दै लागिन् होली खेल्न । भिडभाड थियो साथै रमाइलो पनि उत्पातै ।

रंगमा रंगिएर रमाइलो गरिरहेकी उनलाई भिडमा एउटा व्यक्तिले सम्वेदनशील अंगमा यति नमज्जाले समात्यो, केही बेर उनी रन्थनिन् । समातिएको अंग असह्य हुनेगरी दुखिरहेको थियो । उनले आफूलाई सम्हाल्न खोजिरहेकी मात्र थिइन्, त्यही बेला फेरि सोही घटना दोहोरियो । अर्थात् फेरि सोही अंग समातियो ।

पीडा यति भयो, उनी घुँडा टेकेर थचक्क भुइँमा बसिन् । थाहै नपाई उनका आँशु झरे ।

होलीजस्तो रंगिन चाड उनका लागि रंगहिन बन्यो । एकैछिन अघिको उत्साह निमिट्यान्न भयो । के गर्ने, के नगर्ने, कसलाई भन्ने वा नभन्ने केही खुट्याउन सकिनन् । भिडभाडका कारण यति नमिठो दुर्व्यवहार गर्ने मान्छे चिन्न पनि सकिनन् ।



होली जारी थियो, गीत घन्किरहेको थियो, सबै मस्त र व्यस्त थिए । उनमा रमाइलो गर्न कुनै उत्साह, जाँगर बाँकी रहेन। उनी आफ्नो बस्ने ठाउँ फर्किन् ।

उक्त दुर्व्यवहारपछि उनी मानसिक र शारीरिक रुपमा विक्षिप्त त बनिन् नै, लगभग एक हप्ता ज्वरोले समेत थलिन् ।

पहिलोपल्ट यौन दुर्व्यवहार भएको लगभग १५ दिनपछि उनले फेरि दुर्व्यवहार सामना गर्नुपर्यो । एउटा घाउ ताजा हुँदै उनलाई ठमेलको कुनै क्षेत्रमा हिँडिरहेका बेला कानै छेउमा आएर एउटा युवकले 'लेट्स ह्याभ अ सेक्स एट नाइट' भन्यो ।

उनले फर्केर हेर्न नपाउँदै त्यो युवक लगभग ५० मिटर टाढा पुगिसकेको थियो । उनले 'हे यु' भन्दा नभन्दै त्यो युवक ओझेल पर्यो ।

त्यसपछिका दिनमा पनि उनले नेपाली युवकद्वारा धेरैपटक यौन दुर्व्यवहार सामना गरिन् । एक-दुईपटक त सहेरै बसिन् । तर दुर्व्यवहार श्रृंखला नरोकिएपछि उनले साथीहरूको सल्लाहमा नेपाल प्रहरीमा जाहेरी दिने निर्णय गरिन् ।

नजिकैको प्रहरीकहाँ रिर्पोट लेखाउन पनि पुगिन् । तर त्यति बेला उनी छाँगाबाट खसिन् जब सिंगो राष्ट्रको सुरक्षामा बसेका प्रहरीले नै उनीमाथि दुर्व्यवहार गरे । उनले आफूमाथि भएको दुर्व्यवहारबारे प्रहरीलाई बताउन थालेपछि प्रहरीहरू उनीतिर हेर्दै मुखामुख गर्दै हाँस्न थाले ।

चार-पाँच घण्टा प्रहरीकहाँ बसेर पनि केही भएन । उल्टो प्रहरीले आफ्नो पीडाको मजाक उडाएपछि थप पीडा महशुस भयो र उनी फर्किन् ।

त्यसपछि पनि उनले कयौंपटक दुर्व्यवहार भोगिन् र चुपचाप मनमै दबाएर राखिन् ।

सोली नेपालमा यस्तो दुर्व्यवहार भोग्ने प्रतिनिधि मात्र हुन् । उनी जस्ता गोरो छाला भएका युवतीहरूले दिनहुँ यस किसिमका दुर्व्यवहार भोगिरहेका छन् हाम्रै देशमा, अझ भनौं हाम्रै राजधानीमा । तर बिडम्बना यतातर्फ हामी कसैको ध्यान गएको छैन । प्रहरीमा जाँदा उल्टो अर्को किसिमको दुर्व्यवहार उनीहरूमाथि भइरहेको छ ।

खासगरी भारत तथा श्रीलंकामा विदेशी महिला पर्यटकमाथि यौन दुर्व्यवहार मात्र होइन, बलात्कार समेत भएको हामीले सुनिरहेका छौं । तर नेपालमै यो हदसम्म यौन दुर्व्यवहार भइरहेको खासै बाहिर आएको छैन ।

यथार्थमा नेपालमा पनि डरलाग्दो गतिमा विदेशी पर्यटकमाथि यौन दुर्व्यवहार हुने गरेको छ भन्ने कुरा माथि उल्लेखित घटनाबाट प्रष्ट हुन्छ ।

दक्षिण अमेरिकी देशकी रिया (नाम परिवर्तन) ले पनि नेपालमा कयौंपटक यस किसिमको दुर्व्यवहार भोगेकी छिन् । यस्ता दुर्व्यवहार भएपछि के ग र्नुभयो त भन्ने मेरो प्रश्नमा उनले जवाफ यस्तो दिइन्, 'मैले मेरा थुप्रै साथीहरूबाट सुनें । र थुप्रै फेसबुक पोष्टमा देखें । नेपालमा ममाथि यौन दुर्व्यवहार भयो भनेर प्रहरीकोमा गयो भने उनीहरू उल्टै हाँसेर हाम्रो मजाक बनाउँछन् रे । मेरो पीडामा हाँस्ने प्रहरीसमक्ष जाने हिम्मत नै भएन । म आफ्नै दुर्व्यवहार गर्न किन जाने ?'

उनले अगाडि थपिन्, 'सायद नेपालका प्रहरीलाई यस्ता मुद्दा कसरी ह्यान्डल गर्ने भन्नेबारे केही थाहा छैन । यौन दुर्व्यवहार पीडित आए भने उनीहरूसँग कसरी व्यवहार गर्ने भनेर उनीहरूलाई तालिम पनि दिइएको हुँदोरहेनछ । यौन दुर्व्यवहार भएपछि कस्तो अनुभव हुन्छ त्योबारे थाहै छैन । त्यही कारण पनि उनीहरू यस्ता घटनामा हामी जस्ता विदेशी मात्र होइन, नेपाली युवतीले गुनासो गर्दा समेत हाँसेर उडाइदिन्छन् ।' उनलाई लाग्छ ।

'केही नेपाली युवकहरूमा गोरो छालाका युवती यौन सम्पर्कका लागि सधैं तयार हुन्छन् र जोसँग पनि उनीहरू यौन सम्बन्ध राख्छन् भन्ने मानसिकता छ । जुन एकदमै गलत र सतही विश्लेषण हो । यौन सम्बन्ध नितान्त व्यक्तिगत कुरा हो, जोसँग राखे नै पनि बाटोमा नचिनेको महिलामाथि नराम्रो तरिकाले हेर्ने अधिकार त हुँदैन भने छुने, जे पायो त्यही भन्ने अधिकार झन् हुन्न । चाहे त्यो महिला स्वदेशी होस् वा विदेशी । कतिपय मान्छेहरू विदेशी महिलाले छोटा र पारदर्शी कपडा लगाएका कारण नै युवकहरूले उनीहरूमाथि दुर्व्यवहार गर्ने गरेको पनि भन्छन् । तर महिलाबिना कपडा हिँडे पनि कुनै पनि पुरुषलाई हिंसा गर्ने अधिकार छैन ।'

वास्तवमा जुन सोच र व्यवहार हामी राखिरहेका छौं र हाम्रा छोरी पुस्तालाई सिकाइरहेका छौं, यसकै कारण आज महिलामाथि यौन दुर्व्यवहार अझ बढी भइरहेको छ । बलात्कार भइरहेको छ ।

हामी अभिभावकले तिमी राती बाहिर नहिँड भनेर छोरीलाई त सानैदेखि सिकाउँछौं, तर कतिजनाले आफ्ना छोरालाई महिलालाई सम्मान गर्नुपर्छ, अनावश्यक जिस्काउन हुँदैन भनेर सिकाउँछौं ? के यो सिकाउन जरुरी ठानेको छ अभिभावक पुस्ताले ?

छोरीलाई 'राती हिँडे तँमाथि यौन दुर्व्यवहार हुनसक्छ र त्यसको जिम्मेवार तँ आफैं हुन्छेस्' (किनकी तँ राती हिँडेका कारण नै तँमाथि यस्तो हुनेछ) भनेर सानैदेखि दिमागमा कोचिदिने र छोरालाई भने छोरीको सम्मान गर्नुपर्छ, जिस्काउने, चलाउने गर्नुहुँदैन भनेर समेत नसिकाउने ?

अनि उल्टो महिलाका कारण (महिलाका छोटा लुगा) यौन दुर्व्यवहार बढेको छ भन्ने कुतर्क गर्ने ? उनै विदेशी मित्रका कुरा गरौं फेरि । उनले दुई वर्षको नेपाल बसाइमा यहाँका बारे धेरै कुरा जानिसकेकी छिन् ।

उनी भन्छिन्, 'हाम्रो देशमा पनि महिलामाथि हिंसा, बलात्कार हुन्छ । तर हामी कहिले पनि म राती हिँडेर वा मैले छोटो लुगा लगाएर यस्तो भयो भन्ने महशुस गर्दनौं । किनकी हाम्रा अभिभावकले छोरीहरूलाई राती बाहिर हिँड् नुहुँदैन है भनेर सिकाउँदैनन् । त्यही भएर हामी निर्धक्क हिँड्न सक्छौं र केही भइहाले बिना लाजधक प्रहरीकहाँ जान्छौं र गुनासो गर्छौं ।

प्रहरीले यस्तो मुद्दामा महिलालाई एकदमै राम्रो व्यवहार गर्छ । उनीहरूको ह्यान्डल गर्ने तरिका बढो सौहार्दपूर्ण हुन्छ । किनकी मेरो देशमा प्रहरीहरूलाई यसबारे तालिम दिइन्छ । यस्तो मुद्दाका लागि हाम्रो कानुनी प्रावधान बलियो छ । प्रहरीकहाँ मनोसामाजिक परामर्शदाताको समूह हुन्छ । हाम्रो देशका प्रहरी पीडितलाई देखेर हाँस्दैनन्, मजाक उडाउँदैनन् ।'

नेपालमा पछिल्लो समय बलात्कार घटना बढरहेका छन् । यस्ता घटनाका उजुरी पनि आइरहेका छन् । तर उजुरीका लागि प्रहरीसम्म पुग्दा प्रहरी हाँसिदिएपछि महिलाहरूले सुरक्षा निकायप्रति कसरी भर पर्ने ? चाहे विदेशी होस् वा स्वदेशी महिला, यौन दुर्व्यवहार अत्यन्तै पीडादायी हुन्छ ।

अझ अर्काको देश घुम्न आएका बेला हुने यौन दुर्व्यवहारको पीडा कति हुन्छ कति । त्यसमाथि आडभरोसा र सहयोगका लागि बसेका प्रहरीले नै आफ्नो पीडाको मजाक बनाइदिएपछि हुने महशुस ।

भिजिट नेपाल वर्ष २०२० सुरू भइसकेको छ । सरकार र सबै सरोकारवालाले हाम्रो संस्कृति, परम्परा, स्वागत सत्कार, प्राकृतिक सौन्दर्य हेर्न आएका पर्यटकलाई यस्तो डरलाग्दो अनुभव लिएर फर्कनुनपरोस् भन्ने वातावरण बनाउन जरूरी छ ।

जनवरी लागेपछि पर्यटकको ओइरो लाग्न थालेको छ । यी पर्यटक २०२० का लागि मात्र होइनन्, त्यसपछिका हरेक वर्षका लागि हुन् । अनि एकपल्ट नेपाल आएर यस्तै दुर्व्यवहार सामना गरेर फर्केका विदेशी महिलाले के सन्देश लैजालान् ?

उनीहरू फेरि नेपाल आउलान् ? उनका नातेदार, साथीलाई घुम्न नेपाल जाओ भनेर ढुक्क साथ भन्न सक्लान् ? पक्कै सक्दैनन् । अतः सरकार र सम्बन्धीत सबै निकायले यतातर्फ पनि ध्यान दिन आवश्यक छ । खासगरी विदेशी महिला पर्यटकको सुरक्षामा, उनीहरूको आत्मसम्मानमा चोट नपुग्ने गरी केही योजना बनाओस् । ●

बधाई तथा शुभकामना
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
विमल ढकाल
प्रबन्ध निर्देशक
तथा
खगोल ओभरसिज प्रा. लि.
परिवार
बानेश्वर, काठमाडौं, नेपाल, फोन: ४४७६०४६, ४४७६०४७

बधाई तथा शुभकामना
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
आर सी गिरी
प्रबन्ध निर्देशक
तथा
शल्मानी ओभरसिज प्रा. लि.
परिवार
कोटेश्वर, काठमाडौं, नेपाल

बधाई तथा शुभकामना
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन र विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।
अबुल शाह
अध्यक्ष, तथा
एस सि सि मेनपावर कम्पनी प्रा.लि.
परिवार
गौतम मार्ग-२५, कमलपोखरी काठमाडौं, फोन : ४४४५१४८

हार्दिक बधाई तथा शुभकामना
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन र विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।
चित्र बहादुर विशुंखे
प्रबन्ध निर्देशक
तथा
सन लाईट ह्युमन रिर्सोस प्रा. लि.
परिवार
सामाखुसी-३, काठमाडौं, नेपाल, फोन: ४३८४८३२, ४३८४८३३

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश
चोलाकान्त पंगेनी
सभापति
नेपाली कांग्रेस जन सम्पर्क समिति, मलेसिया
एवं
पंगेनी ह्युमन रिसोर्स प्रा. लि.
परिवार
गोंगबु-५, सामाखुसी, काठमाडौं, फोन: ४३८६६००, ४३८६२०४

हार्दिक बधाई
मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पुरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
साजनमान जोशी
प्रबन्ध निर्देशक
तथा
मोन्टेज ओभरसिज प्रा. लि.
परिवार
कलंकी, काठमाडौं, नेपाल, फोन : ४२८७११९





# युवा नेतृत्वको परीक्षण



**विमल पोखरेल**

> नेकपाभित्र घनश्याम भुसाल र राम कार्कीले धेरै सैद्धान्तिक बहस गर्न खोजेका देखिन्छन् । उनीहरुले कम्युनिष्ट पार्टीका नीतिहरुका बारेमा बेलाबेलामा जनतालाई सम्झाउने पनि गरेका छन् । तर सुनिदिने मान्छेहरु थोरै छन् । घनश्याम भुसालले त राजनीतिक क्रान्ति पूरा भयो भनिरहेका छन् ।

राजनीति भनेको धेरै परसम्म हेर्न सकिने दर्शन हो । जसले बीसौं वा पचासौं वर्ष परसम्म दृष्टि लगाएर आफूलाई समर्पित गर्दछ र जनताको साथ लिन्छ । त्यसले परिवर्तनको नेतृत्व गर्न सक्छ ।

व्यक्तिको हकमा लागु हुने विषयवस्तु यो भए पनि दार्शनिक हिसावले युगहरुको व्याख्या गरिदिन सक्ने कैयौं दार्शनिकहरुको जन्म भएको छ । इतिहासको गहिरो अध्ययन, वर्तमानको विश्लेषण र भविष्यको आँकलन गर्न सक्नु दार्शनिकहरुको खुबी हो । कम्युनिष्ट घोषणापत्र लेख्ने बेलामा कार्ल मार्क्स ३० र एंगेल्स २८ वर्षका मात्रै थिए । संसार हल्लाउने दर्शन २८ र ३० वर्षका युवाहरुले प्रतिपादन गरेका थिए । लेनिनले ४५ वर्ष उमेरमा रसियन समाजवादी क्रान्तिको सफल नेतृत्व गरेका थिए ।

संसारमा पहिलोपटक समाजवादको स्थापना भएको थियो । २८ वर्षको उमेरमा कम्युनिष्ट पार्टीको संस्थापक भएर माओत्सेतुङ ५५ वर्षको हुँदा चीनमा क्रान्ति सम्पन्न भएको थियो । कम्युनिष्ट पार्टीको संस्थापकमध्येका एक उनले, आफ्नै नेतृत्वमा क्रान्ति सम्पन्न गरे । वीपी कोइराला २००७ सालको सशस्त्र संघर्षपछि बनेको सरकारमा गृहमन्त्री हुँदा ३५ वर्ष वरिपरिका थिए । मदन भण्डारी ३९ वर्षको उमेरमा पार्टीको महासचिव बनेका थिए भने माधवकुमार नेपाल ४० वर्षको उमेरमा परराष्ट्रमन्त्री भएका थिए । मोहनविक्रम सिंह ४० वर्षको उमेरमा पार्टीको महामन्त्री बनेका थिए ।

यहाँ उल्लेख गरिएका केही उदाहरणहरु मात्रै हुन् । आफै संघर्षको माध्यमबाट नेतृत्व हत्याएका व्यक्तिहरुको नाम यहाँ दिइएको हो । नेपालमा पनि युवा नेतृत्वको बहस हुँदा यी कुराहरुलाई बहसमा ल्याउँदा परिस्थिति र युवा नेतृत्वको बारेमा बुझ्न सजिलो हुन्छ ।

**युवा नेतृत्वको उद्देश्य के हो ?**

राजनीतिमा सँधैभरी एकै नासको उद्देश्य हुँदैन । देशमा पञ्चायतकाल प्रारम्भ भएपछि पञ्चायत फालेर बहुदलीय व्यवस्था ल्याउने तत्कालीन उद्देश्य थियो । २०६५ मा गणतन्त्र नै आयो । त्यो पनि एउटा उद्देश्य थियो । तर गणतन्त्र आएपछि युवाहरु उद्देश्यविहीन भइसकेका देखिन्छन् । उनीहरुले राजनीतिक क्रान्ति सम्पन्न भयो भनिरहेका छन् । युवा नेताहरु यति ठूलो भ्रममा छन् कि एकातिर राजनीतिक क्रान्ति सम्पन्न भयो भनिरहेका छन् भने अर्कातिर प्रतिगमनको खतरा छ, राजा आउन खोज्यो भनिरहेका छन् । यसको अर्थ के हो भने राजनीतिक क्रान्ति सम्पन्न भइसकेको छैन । प्रतिगामीहरु पनि बलिया छन् भन्ने बुझिन्छ । त्यसैले युवा नेतृत्व राजनीतिक रुपमा भ्रममा बाँचिरहेको छ ।

युवाहरुले समाजवादी क्रान्ति गर्नुपर्छ भन्ने कुरा भुलेका छन् । क्रान्ति विना समाजवाद आउनै सक्दैन । तर उनीहरुले राजनीतिक क्रान्ति सम्पन्न भयो भन्नुको अर्थ यही दलाल पुँजीवादी व्यवस्था हाम्रो उद्देश्य हो भन्ने हो । दलाल पुँजीवादी व्यवस्था पूर्ण रुपमा पुँजीवादी व्यवस्था पनि होइन । यो पुँजीवादी व्यवस्था भन्दा पनि गएगुज्रेको प्रतिगामी व्यवस्था हो ।

दलाल पुँजीवादी व्यवस्थाले गरिबलाई झन् गरिब बनाउँदै जान्छ । धनीलाई धनी बनाउँदै जान्छ । राष्ट्रिय उत्पादन र आर्थिक बृद्धिमा जोड दिँदैन । तर युवा नेतृत्वले यही व्यवस्थालाई ठूलो मलजल गरिरहेका छन् । आर्थिक समृद्धि भन्ने कुरा कुन राजनीतिक विचारधारा लागु गर्ने भन्ने सिद्धान्तसित सम्बन्धित हुन्छ । दलाल पुँजीवादी राजनीतिक विचारधारा लागु गरेर गरिबहरुको भलो हुने राज्यसत्ता निर्माण हुँदैन । युवा नेतृत्व यस विषयमा पूरै भुलभुलैयामा देखिन्छ ।

समृद्धि कहींबाट टिपेर ल्याएर प्राप्त हुने कुरा होइन । त्यसलाई राजनीतिले दिशानिर्देश गर्नुपर्दछ । तर युवाहरुले यस विषयमा कुनै बहसहरु गरेका छैनन् । कुनै गोष्ठीहरु गरेका छैनन्, कुनै पुस्तक लेखेका छैनन् । त्यसैले अहिलेका युवाहरुबाट धेरै आश गर्न सकिने ठाउँहरु छैनन् ।

**मन्त्री भएका युवाहरूको दयनीय हालत**

अहिलेको मन्त्रीपरिषद्मा केही युवा मन्त्रीहरु पनि छन् । विना मगर, योगेश भट्टराई चर्चित छन् । तर विना मगरले केही काम गरेर देखाउन सकेकी छैनन् । कारण हो, उनीसँग काम गर्ने योजना र क्षमता छैन । योगेश भट्टराईले कहिले लाखौं जनता उतारेर निजगढ विमानस्थल शिलन्यास गर्ने त कहिले २० हजार व्यवसायी उतारेर पर्यटन वर्षको उद्घाटन गर्ने भनेर हावा भाषण गर्न थालेका छन् । सुरुमै हावा कुरा गर्दा काम गर्न सकिदैन । हरेक दिन जसो उद्घाटन, गोष्ठी, सेमिनारमा घण्टौं बिताउने मन्त्रीहरुले काम चाहिँ कतिबेला गर्छन् भन्ने कुरा हो । जसले जति धेरै भाषणमा, कार्यक्रममा समत बिताउँछ, त्यसले त्यत्ति नै थोरै काम गर्छ भन्ने कुरा स्पष्ट हुन्छ । तर मिडियाहरुले कामलाई भन्दा भाषणलाई प्राथमिकता दिएको पाइन्छ । यो दुःखद पक्ष हो ।

क्याबिनेटमा भएका धेरै मन्त्रीहरुको हालत दयनीय रहेको छ । शिक्षामन्त्रीले शिक्षालाई माफियाहरुको चंगुलमा पुऱ्याएका छन् । यातायातमन्त्रीले सिण्डीकेटलाई निरन्तरता दिइरहेका छन् । स्वास्थ्यमन्त्रीले सारा स्वास्थ्य क्षेत्र दलाल र माफियालाई सुम्पिएका छन् । कृषिमन्त्रीको हालत झनै दयनीय देखिन्छ । देशको कृषि झन्पछि झन् कमजोर बन्दै गएको छ । यसरी धेरै मन्त्रालयको हालत खराब देखिन्छ । सुधारका प्रयासहरु समेत हुन सकेका छैनन् । परिवर्तनको कुरा त टाढाको भयो ।

**बहस कसरी गर्ने**

निश्चय नै बहस उमेरको भन्दा पनि विचार र सिद्धान्तको गरिनुपर्दछ । कुनै व्यक्ति युवा उमेरको छ, तर विचार र सिद्धान्त प्रतिगामी बोक्छ भने त्यसले राजनीतिलाई अग्रगमनतिर लैजान सक्दैन । राजाको पक्षमा पनि धेरै युवाहरु छन् । तर तिनीहरुले प्रतिगामी विचार बोकेका छन् । देशबाट फालिसकेको राजतन्त्र ल्याउनुपर्छ भन्ने युवाहरुको पनि ठूलो जमात छ । त्यसैले युवा हुँदैमा उसको विचार सही हुन्छ भन्ने हुँदैन । युवाहरु विचार, सिद्धान्त र राजनीतिलाई अग्रगामी दिशा दिने खालको हुनुपर्दछ । राजनीतिमा युवा नेतृत्वको बारेमा कहिलेकाहीँ बहस हुने गर्दछ । पञ्चायती शासनविरुद्ध संघर्ष गरेको नेतृत्वले नै अहिलेसम्म देशको राजनीतिको बागडोर सम्हालेकोले त्यसप्रकारको बहस भइरहेको छ ।

कांग्रेस, नेकपा, मधेसवादी दल, समाजवादी पार्टी, मसाल, राष्ट्रिय जनमोर्चा, नेपाल मजदूर किसान पार्टी, नेकपा (माले) इत्यादि दलका भइसकेका सम्मेलन महाधिवेशन वा आगामी एक दुई वर्षभित्र हुने महाधिवेशनबाट ७० वर्ष पुगेका नेताहरुले नै दलको नेतृत्व गर्ने देखिन्छ । विचार, राजनीति र सिद्धान्तमा बहस नगरीकन उमेरमा मात्रै बहस गरेर युवा नेतृत्व स्थापित हुनै सक्दैन । विचार, सिद्धान्त र योजनासहितको युवा नेतृत्व देशले खोजेको हो । बूढो भएको नेतृत्वबाट पदको मात्रै हस्तान्तरण खोजेको होइन । पदको हस्तान्तरण त विभिन्न चरणमा नियमित भइरहने प्रक्रिया हो ।

**पार्टी ७० वर्षमाथिको उमेरमा जाने पक्कापक्की**

कांग्रेसका पहिलो तहका सबैजसो नेता ७० वर्ष पुगिसकेका छन् । नेकपाका पहिलो तहका नेता ६५ भन्दा माथि पुगिसकेका छन् । मधेसवादी दलका पनि धेरै नेता ६५ पुगिसकेका छन् । माले, जनमोर्चा, मसाल, नेमकिपाको अवस्था पनि त्यही छ । पार्टीहरुको संरचना, पार्टीभित्रको सन्तुलन र शक्तिसंघर्ष हेर्दा अझै १० वर्ष दोस्रो तहका नेताहरुको पालो आउने देखिंदैन । हरेक ५ वर्षमा हुने महाधिवेशनमा अहिलेको पार्टीको संरचना हेर्दा त्यस्तै देखिन्छ । अहिले ६५ वर्षका नेताहरुको उमेर पार्टीका महाधिवेशनहरुमा त्यतिञ्जेलसम्म ७० वर्ष पुगिहाल्छ । दोस्रो तहका नेताको पालो ७० वर्षमा आउने भएपछि अहिले ५० वर्षको उमेरमा रहेका तेस्रो तहका नेताहरुको पालो पनि बीचमा कुनै उलटफेर भएन भने ७० वर्ष नपुगी आउन सक्ने देखिदैन ।

तेस्रो तहका नेताको पालो आउँदा तिनीहरुको पनि उमेर ७० वर्षको ढिकढाक जाने देखिन्छ । पार्टीभित्रको बढुवा प्रक्रिया, पार्टीको संरचना आदि धेरै कारणले पार्टीको मूल नेतृत्व प्राप्त गर्नको लागि सबैजसो पार्टीमा ७० वर्ष पुग्नुपर्ने देखिन्छ । ठ्याक्कै यस्तै हुन्छ भन्न नसकिए तापनि अहिलेको सिलसिला हेर्दा त्यो अनुमान लगाउन सकिन्छ । धेरै उमेरका नेताहरुको पकड र पार्टीभित्र युवाहरुको उपस्थिति कमजोर भएका कारणले उनीहरुले धेरै उमेरका नेताहरुको किल्ला भत्काउन झण्डै नसक्ने अवस्था देखिन्छ । ७० वर्ष भन्दा छिटो नेतृत्व हत्याउनको लागि पार्टीभित्र ठूलै उथलपुथल ल्याउन, आउनुपर्ने देखिन्छ । के पार्टीहरुमा त्यस्तो हुन सक्ला ? यो निरन्तर बहसको विषय हो । अहिले कुनै निष्कर्ष निकाल्न त सकिंदैन ।

**युवाहरूको समाजवाद के हो ?**

नेपाली कांग्रेस र नेकपा दुवै दलले समाजवाद मान्छन् । तिनीहरुको समाजवादको व्याख्या फरक फरक छ । तर गगन थापा, विश्वप्रकाश शर्माहरुले कांग्रेसको समाजवादको बारेमा कुनै एउटा लेखसमेत लेखेको भेटिदैन । वीपीले ५० वर्षपहिले जे लेखेका थिए, तिनीहरुको समाजवाद त्यही हो । यसको अर्थ के हो भने तिनीहरुमा कुनै भिजन छैन । तिनीहरुलाई



केवल पद चाहिएको छ । कुनै पदले मात्रै काम गर्ने त होइन । वीपीको समाजवाद भजाएर पद हात पार्नु कुनै परिवर्तन होइन । त्यो चरम पदलोलुपता हो ।

नेकपाको हकमा पनि यही लागु हुन्छ । जनताको बहुदलीय जनवाद भने पनि एक्काइसौं शताब्दीको जनवाद भने पनि तिनीहरुको दस्तावेजमा समाजवाद लेखिएको छ । तर कुनै पनि युवा नेताहरुले समाजवादको व्याख्या गर्न सकेको देखिंदैन । योगेश भट्टराई होऊन कि अरु कुनै युवा नेता तिनीहरुले समाजवादको छेउटुप्पो कसैलाई बताउन सक्दैनन् । उनीहरु पूरापूर कुहिरोको काग हुन् । पुष्पलालले जे लेखे त्यही हो, मदन भण्डारीले जे लेखे त्यही हो । घनश्याम भुसालको समाजवादबारे नेकपामा कुनै बहस हुने गरेको छैन । उनले दलाल पुँजीवादमाथि जसरी निरन्तर प्रहार गरिरहेका छन्, त्यसले नेकपाका सबै नेताकार्यकर्तालाई बिझाउँछ । किनभने नेकपाका सबैजसो नेताकार्यकर्ता त्यही दलाल पुँजीको भरमा टिकेका छन् ।

**घनश्याम भुसाल र राम कार्कीको खराब हालत**

नेकपाभित्र घनश्याम भुसाल र राम कार्कीले धेरै सैद्धान्तिक बहस गर्न खोजेका देखिन्छन् । उनीहरुले कम्युनिष्ट पार्टीका नीतिहरुका बारेमा बेलाबेलामा जनतालाई सम्झाउने पनि गरेका छन् । तर सुनिदिने मान्छेहरु थोरै छन् । घनश्याम भुसालले त राजनीतिक क्रान्ति पूरा भयो भनिरहेका छन् । तर राम कार्कीले भने त्यसो भनेको देखिदैन । सैद्धान्तिक अस्पष्टता नै तिनीहरुको ठूलो कमजोरी बन्न पुगेको छ । मार्क्सवादका आधारभूत मान्यताहरुबाट नै तिनीहरुको पतन भएको छ ।

वर्गीय राजनीतिबाट उनीहरु पूर्णतः संसदीय राजनीतिमा पुगेका छन् । संसदीय राजनीतिले मात्रै जनताको मुक्ति गर्न सक्दैन भन्ने कुरा मार्क्सवादको कखरा जानेको सबैलाई थाहा भएको कुरा हो । त्यसैले घनश्याम भुसाल र राम कार्कीहरुले सैद्धान्तिक बहसलाई भुलभुलैयामा पार्नु हुँदैन ।


**किन भ्रष्टीकरण भयो ?**

युवाहरु विचार, सिद्धान्तका लोभी भएनन् । उनीहरुको लगाव विचार र सिद्धान्तप्रति भएन । उनीहरुको लगाव पदप्रति भयो । पैसा कमाउनप्रति भयो । सांसद भएका मन्त्री भइहाल्ने, युवा विद्यार्थीहरु तिनै मन्त्रीको पीए बन्ने । कर्मचारीको सरुवा बढुवामा पैसा खाने । ठेक्का पट्टामा कमिसन खाने र आफ्नो आर्थिक स्थितिलाई मजबुत बनाउनमै युवाहरु केन्द्रिकरण भएको देखिएका छन् । झट्ट हेर्दा उनीहरुको आर्थिक सबलीकरण भएको कारणले उनीहरुले राजनीति गर्न सजिलो भएको छ भन्ने पनि कुरा आउला ।

तर त्यो कुरा गम्भीर गल्ती हो । मन्त्री, हाकिम, ठेकेदार र कर्मचारीबाट पैसा लिएर पैसाको आडमा नेतृत्व हत्याउन खोज्ने युवाले सही प्रकारले राजनीतिलाई अगाडि बढाउन सक्दैन । त्यसको भ्रष्टीकरण भइसकेको छ । दलाल पुँजीवादी चरित्र र गरिब वर्गप्रतिको बेवास्ता अहिलेको प्रमुख समस्या हो । त्यसैले त्यो चरित्रका विरुद्ध निर्मम प्रकारले सैद्धान्तिक र व्यवहारिक रुपमा संघर्ष गर्नुपर्दछ ।

**सैद्धान्तिक संघर्षमा जोड दिऊँ**

कम्युनिष्ट पार्टीमा सैद्धान्तिक संघर्ष हुनै छोडेको छ । कम्युनिष्ट पार्टीमा पदका संघर्षहरुले ठूलठूला रुपहरु लिएका छन् । नेकपा त्यसको ताजा उदाहरण हो । जुन पार्टीले सिद्धान्त, विचार, व्यवहार भन्दा पदलाई केन्द्र विन्दु राखेर वर्षौं छलफल गरिरहन्छ, त्यो पतनको दिशा हो भन्ने बुझ्नुपर्दछ । परिस्थिति जे जस्तो भए पनि सैद्धान्तिक संघर्षमा निरन्तर जोड दिइरहनु आवश्यक छ । कम्युनिष्ट पार्टीभित्र देखापरेका व्यक्तिवादी, पदलोलुप, भ्रष्ट चरित्रका विरुद्ध निर्मम संघर्ष गरेर जानुको विकल्प देखिदैन । ●



१७ वार्षिक विशेषाङ्क

आशा र अवसर

# भन्ने समाजवाद, गर्ने भ्रष्टाचार !



**ओमप्रकाश खनाल**

पछिल्लो समयमा नेपालमा समाजवादको बहस बाक्लिएको छ । समतामूलक अर्थव्यवस्थाको अवधारणा नयाँ नभए पनि संविधानले नै समाजवादउन्मुख अर्थतन्त्रलाई लिपिबद्ध गरेपछि यो मन्थन तीव्र भएको छ । यसो त, अनेक आवरणमा समाजवाद र समतामूलक अर्थव्यवस्थाका विषय उठान हुन थालेकै ७ दशक बितिसकेको छ । यही समयान्तरमा कति देशले आर्थिक असमानता निवारणमा उदाहरणीय उपलब्धि हात पारिसकेका छन् । हाम्रो अर्थराजनीति अहिले पनि संक्रमणबाट उठ्न सकेको छैन ।

आर्थिक अवसरको वितरणमार्फत असमानताको अन्त्य समाजवादको मूल उद्देश्य हो । पूर्ण समाजवादको लक्ष्य आफैमा निर्विवाद छैन । तर, हामीकहाँ सुशासनको कमजोर धरातल समाजवादको अवरोध बनेर उभिएको छ । सुशासनको अभाव नै राज्यका स्रोतसाधनको समतामूलक उपयोगमा बाधा बनेको छ ।

भ्रष्टाचार नियन्त्रणको उद्देश्यले खडा गरिएका निकाय सत्तासीनका निम्ति राजनीतिक प्रतिशोध साँध्ने औजारजस्ता बनेका छन् । सरकार आर्थिक अनुशासन र कानूनको पालनामा देखिएको उदासीनतालाई अन्त्य गर्दै सार्वजनिक स्रोत परिचालनको नीति लिएको बताउँछ । राज्य कोष परिचालनको प्रभावकारिता र पारदर्शिताका लागि शासकीय स्वच्छता अभियान सञ्चालन गरिएको सरकारी अभिलेखहरूमा उल्लेख छ । सरकार नै नीतिगत भ्रष्टाचारमा डुबेका उदाहरण पनि सार्वजनिक भइरहेका छन् । राज्यको स्रोतसाधनमा सत्ता निकट र पहुँचवालाको हालीमुहालीका सन्दर्भ सञ्चारमाध्यममा उजागर हुन छोडेका छैनन् ।

गत हप्ता वीरगञ्जमा आयोजित समाजवादबारे मन्थनमा सहभागी हुने अवसर मिलेको थियो । मुख्य वक्ताका रूपमा निम्त्याइएका सत्तासीन नेकपामा एक प्रभावशाली नेताले अहिले भ्रष्टाचारविरुद्ध कडाइ गर्ने बेला नभएको हास्यास्पद तर्क गरे । भ्रष्टाचार नियन्त्रण गर्दा लक्षित विकासका निम्ति पुँजी अभाव हुने पूर्वअर्थमन्त्रीसमेत रहेका ती नेताको भनाइ थियो । भ्रष्टाचारबारे सत्तासीन राजनीतिमा आशलाग्दा मानिएका ती नेताको धारणा र अहिले सत्ताको आडमा प्रकट भइरहेका भ्रष्टाचारका नमूना संयोगमात्र नहुन सक्छन् । भ्रष्टाचारविरुद्धको शून्य सहनशीलता सरकारको देखाउने दाँतमात्र पो हो कि भन्ने आशंका बलियो बनेको छ ।

व्यापारिक घराना यति होल्डिङ्स र यसका व्यावसायिक उपक्रमहरूलाई सत्तानिकट राजनीतिक नेतृत्वको संरक्षणमात्र होइन, त्यो समूहलाई फाइदा पुऱ्याउन नीतिनियम नै परिवर्तन गरिएका घटना उद्घाटित भए । प्रभावशाली मानिएका नेताहरू माफिया व्यापारी र ठकेदारको प्रभावमा परेर राज्यको स्रोतसाधनमा अनैतिक दोहन मच्चाएको यो पहिलो होइन । बालुवाटारको जग्गा प्रकरण, मेलम्ची खानेपानी परियोजना, वाइडबडी जहाज खरीदमा भ्रष्टाचार, सुन काण्डजस्ता विवादमा मुछिनु राजनीतिक संरक्षण र सहभागिताका ताजा सन्दर्भमात्रै हुन् । सञ्चारमाध्यममा आएका समाचारमात्र हेर्ने हो भने पनि राज्यका औसत निकायहरूमा भ्रष्टाचारको गहिराइ कति छ भनेर बुझ्न असजिलो पर्दैन । सुशासन सरकारको प्राथमिक जिम्मेवारीको विषय हुनुपर्ने हो । यसको प्रत्याभूति त परको कुरा नेताहरू नै भ्रष्टाचारको वकालत गर्दै हिँड्नु लज्जाको विषय हो ।




ट्रान्सपरेन्सी इन्टरनेशनलले अघिल्लो वर्ष सन् २०१८ मा सार्वजनिक गरेको भ्रष्टाचार सूचकांकमा नेपाल २ स्थान तल झरेर १२४औं सूचीमा पुग्दा त्यसलाई वर्तमान सरकारको कार्यदक्षतासँग तुलना गर्न नमिल्ने तर्क सत्ताधारीले गरेका थिए । अहिले राजनीतिक संरक्षणका मौलाएका आर्थिक अराजकताबारे सत्तासीन दलका नेताहरूको अभिव्यक्तिलाई हेर्दा भ्रष्टाचारले छलाङ लगाउने सम्भावना बलियो देखिन्छ । नेपालमा भ्रष्टाचारको ग्राफ वर्षेनी उकालो लागेको देखिन्छ । करप्शन पर्सेप्सन्स इन्डेक्स-२०१७ मा नेपाल १२२औं स्थानमा थियो । सरकार, न्यायालय, संसद्, सार्वजनिक निकाय र सेवा प्रवाह, सुरक्षा, उद्योग व्यापारलगायतको प्रक्रियाका आधारमा तयार पारिएको प्रतिवेदनमा नेपाललाई सुशासनमा कमजोर देखाइएको छ । आर्थिक अवसरको समुचित वितरणमार्फत समाजवादको लक्ष्य पछ्याएको भनिएको राज्यसत्ता नै भ्रष्टाचारको पक्षपोषणमा उभिएसम्म सूचकमा सुधारका अपेक्षा गर्न सकिँदैन ।

नेपालमा भ्रष्टाचार कति व्याप्त छ भन्ने कुराको भेउ पाउन केही समयअघि नेपाल उद्योग परिसंघले गरेको अध्ययनको निचोडले पनि मद्दत पुग्छ । व्यावसायिक स्वार्थको दुनो सोझ्याउन गरिने अदृश्य खर्चबारे हत्तपत्त मुख खोल्न नरुचाउने निजीक्षेत्रको संस्थाको अध्ययनले नै व्यवसायीले आफ्नो आयको करिब ३५ प्रतिशत रकम घूस दिन बाध्य भएको देखाउनु भ्रष्टाचार कतिसम्म झाँगिएको रहेछ भन्ने कुराको प्रमाण पनि हो ।

राज्यका प्रत्येक तह र तप्कामा सुशासनको दयनीय बन्दै गएको छ । संघ, प्रदेश र स्थानीय सत्तामा भ्रष्टाचारको जालो फैलिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हालै सार्वजनिक गरेको २९औं वार्षिक प्रतिवेदनमा भ्रष्टाचारको व्यापक औंल्याइएको छ । सबैभन्दा बढी भ्रष्टाचार प्रदेश २ मा भएको अख्तियारको निष्कर्ष छ । अख्तियारको प्रतिवेदनअनुसार कुल भ्रष्टाचारका गतिविधिमध्ये प्रदेश २ मा मात्र २१ दशमलव ५० प्रतिशत छ । यो त कारबाहीको दायरामा आएका गतिविधिको तथ्यमात्रै हो । राजनीतिक संरक्षण र नीतिगत व्यवस्थाको दुरुपयोगबाट उन्मुक्ति पाउनेहरूको कर्तुत त उजागर हुन पाएकै छैन ।

व्यावसायिक स्वार्थको दुनो सोझ्याउन गरिने अदृश्य खर्चबारे हत्तपत्त मुख खोल्न नरूचाउने निजीक्षेत्रको संस्थाको अध्ययनले नै व्यवसायीले आफ्नो आयको करीब ३५ प्रतिश रकम घूस दिन बाध्य भएको देखाउनु भ्रष्टाचार कतिसम्म झाँगिएको रहेछ भन्ने कुराको प्रमाण पनि हो ।

ट्रान्सपरेन्सी इन्टरनेशनलले भ्रष्टाचारलाई नीति तथा प्रक्रियागत र तल्लो तहमा वर्गीकरण गरेको छ । नियन्त्रणको निकाय तल्लो तहका कर्मचारीलाई २२४ हजार घूससहित पक्राउ गरेर आत्मरतिमा रमाउँछ । नीति र कानूनी व्यवस्थाको छिद्रमा खेलेर खुलेआम भ्रष्टाचार हुन्छ, यस्तोमा ती निकायको भूमिका रमितेबाहेक अन्य हुँदैन । यस्ता निकायलाई तोकिएको क्षेत्राधिकार नै यस्तो छ कि, त्यस्ता निकायले राजनीतिक संरक्षणमा हुने भ्रष्टाचारलाई छुने सामर्थ्य नै राख्दैनन् । साना माछा समातेर उपलब्धिको प्रचार गर्छन् । अख्तियारले गत आर्थिक वर्ष २०७५/०७६ मा मुद्दा दायर गरेकामध्ये सबैभन्दा बढी सहायक र सहयोगी कर्मचारी नै सबैभन्दा बढी (३८४) छन् । नीतिगत भ्रष्टाचारको आडमा अकुत आर्जन गर्नेहरूले राजनीतिक संरक्षणमा उन्मुक्ति पाइराखेका छन् । यस्तो आयबाट राजनीतिक नेतृत्व लाभान्वित भएको छ, राज्यको स्रोतसाधनमा उनीहरूकै दबदबा छ ।

भ्रष्टाचार नियन्त्रणको उद्देश्यले खडा गरिएका निकाय सत्तासीनका निम्ति राजनीतिक प्रतिशोध साँध्ने औजारजस्ता बनेका छन् । यस्ता निकायका नेतृत्वकर्ताको विवादास्पद छविले भ्रष्टाचार नियन्त्रणका प्रयासप्रति विश्वास जाग्न सकेको छैन । अख्यिारका आयुक्त नै घूस खाएको भिडियो सार्वजनिक भएपछि राजीनामा दिएर हिँड्छन् भने त्यस्ता निकायको कामकारबाहीमा कस्तो विश्वास होला ? अनुमान असहज छैन । भ्रष्टाचार नियन्त्रणका निकायका नियुक्ति र पदमुक्तिमा दक्षता होइन, सत्ता सञ्चालकको आग्रह हाबी हुन्छ । संसद्का विशेषाधिकारहरू विधिको निम्ति नभएर नेतृत्वको अनियमितता ढाकछोपमा प्रयोग हुन्छन् भने त्यस्तो राज्यसत्ता र निकायबाट जनताले कुन तहको सुशासनको अपेक्षा गर्ने ?

सरकारी कामकारबाही पारदर्शी र जवाफदेही बनाइनु पर्छ । सूचनाको अधिकारलाई सहज बनाइनुपर्छ । विश्वका १२० देशले सूचनाको हकसम्बन्धी कानून बनाएका छन् । हामीकहाँ पनि प्रावधान छ, तर सरकार एकपछि अर्को कानूनमार्फत नागरिकका अधिकारमा लगाम कस्न उद्यत देखिन्छ । स्वतन्त्र प्रेसलाई भ्रष्टाचार नियन्त्रणको सहयोगी ठानिन्छ । अध्ययनहरूले नेपालको प्रेस स्वतन्त्रतालाई 'आंशिक स्वतन्त्र' भनेका छन् । भ्रष्टाचार आर्थिक अनियमितासँगमात्र सरोकार राख्दैन । यो व्यक्तिको आचरण र नैतिकतासँग पनि जोडिएको विषय हो । यसलाई नियम कानूनको बलमा मात्र बाँध्न सम्भव नहुन सक्छ । हामीकहाँ जसले बढी भ्रष्टार गरेर अकुत कमाएको छ, त्यो नै शक्तिशाली र पहुँचवाला ठानिन्छ । यो मनोवृत्तिमा सुधारको खाँचो छ । भ्रष्टाचारीलाई सामाजिक रूपमै बहिष्कार अभियान चलाउँदा भ्रष्टचार नियन्त्रणमा सघाउ पुग्न सक्छ ।

निर्वाचन प्रणाली र पद्धतिलाई अहिले देखिएको भ्रष्टाचारको चरम विकृत रूपमा कारण मानिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदनले पनि खर्चिलो निर्वाचन प्रणालीलाई भ्रष्टाचारको कारण मानेको छ । चुनावी प्रतिस्पर्धा पैसाको पर्याय बनेको छ । चुनावताका व्यापारीसँग चन्दा लिएर राजनीतिक प्रतिस्पर्धामा उत्रिनेहरूले चुनाव जितेपछि कसको हितमा काम गर्लान् ? पैसाको बलमा चुनाव जितेर आउने प्रतिनिधिबाट कस्तो समता र समाजवादको अपेक्षा गर्न सकिएला ? अहिले सतहमा आइराखेका नीतिगत भ्रष्टाचारका उदाहरण र भ्रष्टाचारको बचाउमा नेताहरूको अभिव्यक्तिले यसको पुष्टि गरेकै छ । नेता इमानदार भएमात्र सुशासनको आधार बलियो हुन्छ, कर्मचारीतन्त्रको अराजकता स्वतः सुध्रिन्छ । भ्रष्टाचारलाई राजनीतिक संरक्षणको भरथेग रहेसम्म समाजवादको बहस व्यर्थ हुनेछ । ●





















## आशा र अवसर

# ज्ञान महिमा
# सन्दर्भ- वसन्तपञ्चमी



**सरस्वतीको कृपा दुरुपयोग हुन जाँदा विध्वंश हुन्छ । सदुपयोग भए, निर्माण बन्न पुग्छ ।**

**अच्युतप्रसाद पौडेल'चिन्तन'**

माता सरस्वती वाणीकी देवी हुन् । माघशुक्लपञ्चमी ज्ञानकीदेवी श्री सरस्वतीको स्मरण गर्ने दिन हो । सूक्ष्म ब्रह्माण्डको सत्ता लिएर धर्तीमा अवतरित मानव विज्ञानको सदुपयोग गरी विशाल ब्रह्माण्डमा अधिपति जमाउन प्रयासरत देखिन्छ । चन्द्र धरातलदेखि मङ्गलसम्म पहुँच र समस्त भूखण्ड र खगोलिय पिण्डहरुलाई आफ्नो रिमोट कन्ट्रोलमा राख्न चाहने मानव मष्तिस्क भन्नु परमेश्वरीदेवीको कृपादृष्टि नै हो ।

नमो वागीश्वराय बाट आरम्भ भएको शब्दांकुरले नाद ब्रह्मलाई भेदन गरी स्वर, संगीत, कला पारखीसम्म र शिक्षण, प्रशिक्षण, अनुशिक्षणदेखि प्रयोगशालाको भौतिक र रासायनिक परीक्षणसम्म साथ दिने ब्रह्मायणी देवीको अनुपम कृपा दृष्टिले आजको संसार ढुंगे युगबाट नवीनतम ऊर्जा शीलयुग सम्म पदार्पण गर्दैछ । ज्ञान, विवेक, संयम, धैर्य, श्री, पराक्रमको सही उपयोगदेखि मानव रक्षासम्म र धर्ती अम्बर सवैतिर रहेका सूक्ष्मातीसूक्ष्म जीवाणु, कीटाणुसम्मको रेखदेख र भाइचाराको सन्देश, देवीलाई महालक्ष्मी एवं रुद्रायणीका रुपमा पनि चिनिन्छ । विश्वजननी भूवनेश्वरी देवीको सत्ता, शक्ति पाएर सृष्टिकर्ता परमेश्वर सर्वगुण सम्पन्न बनेको छ ।

कम्प्युटर भित्रका आकृतिदेखि नृत्यकलासम्म र गायन स्वरदेखि आधुनिक साजसज्जा सहितको स्वर ध्वनियन्त्रसम्मकी देवीसरस्वती विज्ञानकी संरक्षिका पनि हुन् । मानव जीवनलाई ऐश, आराम दिलाउने देवी, भोग, सुखका अतिरिक्त विज्ञानको सदुपयोगसम्म गर्न प्रेरित गर्छिन् । शस्त्रास्त्रको होडवाजी, आपसी द्धन्दको पराकाष्ठा, अशान्ति, भय, क्रोध, हिंसा, तनाव, बम बारुदका धूवाँहरु केवल सरस्वतीको विस्मरण नै हो । आदिम ढुंगेयुगबाट गुज्रेको मानव विश्वलाई एउटा हत्केलामा राख्न सफल छ तर उनको विस्मरणले घटनाहरु, दुर्घटनाहरु, आक्रमण, बन्द हडताल, तोडफोड, चक्काजाम, आगजनी, ध्वस्त, विकीरणयुक्त, प्रदुषणयुक्त भैरहेछ । प्रत्येक सिक्काका दुई पाटाहरु हुन्छन् । दुवै पाटाहरुलाई सकारात्मक बनाउन सरस्वतीको कृपादृष्टि सद्भाव, प्रेम, स्नेह, सहिष्णुता, भाइचारा, एकता, समन्वय आवश्यक छ । वगैंचामा थरीथरीका फूलहरु हुन्छन् । रंगी विरगीं फूलहरुले सजिएको वगैंचा निश्चय नै सुन्दर हुन्छ ।



कुम्भकर्णको पराक्रम, मन्थराको जिभ्रो, कंशको दुराचार, रावणको अत्याचार अन्तत: खेर नै गयो । सरस्वतीको कृपा दुरुपयोग हुन जाँदा विध्वंश हुन्छ । सदुपयोग भए, निर्माण बन्न पुग्छ । ज्ञान संधै हाँस्दछ, मुस्कान छर्छ, सदाचार र सहयोग, सत्कृति दिन प्रयास गर्दछ । ज्ञानको साथमा विज्ञानलाई डो-याउन सके विज्ञान पनि यस्तै हुन सक्छ । सम्पूर्ण मानव जगत् भयरहित, क्रोध रहित, आवेगरहित, तनावरहित हुनसके विज्ञान कलात्मक बन्न पुग्छ । शुद्ध आचरण, नैतिकवान्, चरित्रवान व्यक्तिहरुबाट सामाजिक पुनरुत्थान हुनसक्छ , नव निर्माण हुनसक्छ, सिर्जनाकी देवीले वसन्त ल्याउन प्रेरित गर्छिन् हर मानव जीवनमा !

मानव संस्कृतिको अनुपम उदाहरण हो । आदि शक्ति सरस्वतीको जन्मजयन्ती पर्व वसन्तपञ्चमी ! अर्थात् श्रीपञ्चमी !!

महान् स्रष्टा, ग्रन्थकार, कवि, वकिल, साहित्यकार, कलाकर्मी, सञ्चारकर्मी, डाक्टर, बुद्धिजीवी, शिक्षक, नेता, अभिनेतादेखि वैज्ञानिकहरु सम्मको साधना सरस्वतीका कृपा दृष्टि हुन् । कलम-विचारको प्रवाहदेखि धर्म, संस्कृतिको जगेर्नासम्मको, सिप संस्कारदेखि जीउने कला, वक्तृत्व, प्राविधिक ज्ञानदेखि सम्पूर्ण मानव जीवनलाई सरल, सरस, सारगर्भित बनाउन प्रेरित गर्ने देवी अथाह ज्ञानस्रोतकी सागर नै हुन् । जति खर्च ग-यो त्यति बृद्धि हुने सीप, संगीत पारखीहरुका लागि साधनाकी स्रोत पनि हुन् । कमलासनी, सेतोबस्त्र धारण गरेकी, वीणा हातमा लिएकी, ब्रह्मादि देवताहरुबाट विशेष वन्दना गरिएकी, अभयमुद्रा भएकी वरदान र स्राप दुवै दिने सक्ने देवी मानव जीवनकी शक्ति सञ्चारिका नै हुन् । विश्व रचनादेखि पालना कार्य र संभारकारी गुण सम्पन्न

वसन्तपञ्चमीको अर्को पक्ष हो जीवनमा वसन्तको आगमन ! नवीन ऊर्जा शैली, नयाँ किरण, नयाँ विहानी, नव पालुवाहरु, नवीनतम प्रयोग ! आदि आदि ! नव जीवन, कोमल जीवन, स्वस्थ जीवन, सरल जीवन, सौन्दर्ययुक्त जीवन, सौन्दर्य समाज निर्माणको पहल गरौं वसन्त आगमनको शुभारम्भको संकेत वसन्तपञ्चमी, श्री पञ्चमी पर्वले हर मानव सुखी र समृद्ध होऊन्, यही हाम्रो शुभकामना । अस्तु ! ●

# निजी भर्सेस सरकारी ?

**अन्धाधुन्ध कालोधन जम्मा गर्नेलाई सीधै लगानी गर्न दिने हो भने देश नै टाट पल्टन्छ । तर, परिस्थिति हेरेर निश्चित रकमसम्म उद्योगमा लगानी गरेमा स्रोत खोजिने छैन । त्योभन्दा बढी निश्चित सीमासम्मको रकममा पूर्वकर तिरेर लगानी गर्न पाइनेछ ।**



**रामप्रसाद गौतम**



> सरकारले हरेक क्षेत्रमा लगानी गर्दा पूँजीको स्रोत खोज्ने भनेको छ तर पूँजीको स्रोत देखाउन गाह्रो छ । नेपालमा आयकर ऐन २०३१ मा बन्यो, जुन धेरै कुरामा अपूरो भयो भनेर २०५८ मा नयाँ ऐन बनाइयो । ”

विकास निजीक्षेत्रले गर्छ कि सरकारले ? यो प्रश्न जहिले पनि मानसपटल घुमिरहन्छ । हरेक प्रकारका पूर्वाधारमा सरकारले काम गर्नुपर्छ । विकासको हार्डवेयर सरकारको जिम्मा हुन्छ भने सफ्टवेयर विकासको जिम्मा आमजनताको हातमा हुन्छ । हार्डवेयरभित्र, नीति, विचार र नेतृत्व जस्ता कुरा पनि पर्छन् । तसर्थ आजको विश्वमा सरकार पूर्वाधार, स्थिरता, न्यायतर्फ अग्रसर हुनुपर्छ । निजीक्षेत्र सृजनशीलताको आधारमा समृद्धि खोज्न निरन्तर लाग्नुपर्छ ।

औद्योगिक र व्यापारिक वातावरण राम्रो नभएसम्म देशको विकास हुँदैन । त्यसैले सरकारले निजीक्षेत्रलाई काम गर्ने उचित वातावरण दिनुपर्छ । सरकार नभए पनि जनता बाँच्न सक्छन् जनता नभए सरकार कहिल्यै बाँच्न सक्दैन । यो कुरा शासकले जबसम्म बुझ्दैनन् तबसम्म सभ्य समाज, देश वा विश्वको निर्माण हुन सक्दैन । नेपाल चेम्बर अफ कमर्श ७० वर्ष पुगेको अवसरमा भएको एउटा कार्यक्रममा अर्थमन्त्रीले निजीक्षेत्रप्रति सरकारले गरेका व्यवहार त्रुटिपूर्ण थिए भनी स्वीकारे । उनले भने, 'मुलुकको अर्थतन्त्रको बारेमा हामीले बुझेर वा नबुझेर टीकाटिप्पणी गर्दा हाम्रा भनाइ अपरिपक्व बन्ने गर्छन् ।'

यो कुरा ज्यादै नै अर्थपूर्ण छ । जनताले मन्त्रीहरूले भनेका कुरा सबै ठीक होलान् भन्ने सोचिरहँदा भनाइ र गराइले कहिलेकाहीँ गलत सन्देश दिन सक्छ । अर्थतन्त्रका बारेमा सैद्धान्तिक कुराको पनि सारभूत अर्थ रहँदैन र सतही कुराले झनै ठूलो नकारात्मक असर पार्छ । त्यसैले मन्त्रीरप्रधानमन्त्रीहरू राजनीतिक भाषणमा जेजस्तो बोले पनि प्राविधिक ठाउँमा बुझेर मात्र बोल्ने हो भनेमात्र त्यसले सकारात्मक परिणाम दिन सक्छ ।

अर्थमन्त्रीले सोही कार्यक्रममा सरकारले एक तिहाइ लगानी गर्छ भने निजी क्षेत्रले २ तिहाइ लगानी गर्छ भनेका थिए । सरकार निजीक्षेत्रको भलाइका लागि सदैव तत्पर रहनुपर्नेमा विगतमा सरकारका तर्फबाट केही कमजोरी भए त्यसलाई सरकाले सुधार्ने उनको भनाइ थियो । यो भनाइले सरकार निजी क्षेत्रप्रति केही नरम हुन थालेको महसूस हुन थालेको छ । बितेका वर्षमा निजी क्षेत्रलाई हरेक तर्फबाट कडाइ गर्नुपर्छ, उनीहरूबाट धेरैभन्दा धेरै कर लिनुपर्छ भन्ने सोचाइ पाइन्थ्यो ।

वास्तवमा औद्योगिक र व्यापारिक वातावरण राम्रो नभएसम्म देशको विकास हुँदैन । त्यसैले सरकारले निजीक्षेत्रलाई काम गर्ने उचित वातावरण दिनुपर्छ । अर्थमन्त्रीको भाषणमा कालाबजारियाहरूले गर्दा शुद्ध व्यापारीलाई विस्थापन गर्ने हुँदा कालोधन रोक्ने प्रयास भने कहिल्यै नरोकिने पनि अभिव्यक्ति आएको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीले पनि लगभग खतिवडाकै लाइनमा निजीक्षेत्रको सहयोगविना सरकारले मात्र देश विकास गर्न सक्दैन भन्ने स्वीकार्दै कतै सरकारले निजीक्षेत्रलाई बढी त्रस्त बनायो कि भनी बताउनुभएको थियो ।

यो प्रसंग यहाँ किन ल्याउन खोजिएको हो भने वास्तवमा निजीक्षेत्र नै विकासको आधार हो, सरकार पूर्वाधारको आधार हो । त्यसैले जहिले पनि सरकार निजीक्षेत्रको सहयोगी बन्न सक्नुपर्छ । त्यसबाट मात्र विकास सम्भव हुन्छ भन्ने कुरा जति छिटो सरकारले बुझ्न सक्छ । त्यति नै छिटो विकासले गति लिन्छ ।

अहिले सरकारले हरेक क्षेत्रमा लगानी

## विकास

गर्दा पूँजीको स्रोत खोज्ने भनेको छ तर पूँजीको स्रोत देखाउन गाह्रो छ । नेपालमा आयकर ऐन २०३१ मा बनेको थियो जुन धेरै कुरामा अपूरो भयो भनेर २०५८ मा नयाँ ऐन बनाइयो । सम्पत्ति शुद्धीकरण ऐन २०६४ मा मात्र बनेको छ । यदि गहिरिएर खोज्ने हो नेपालका ९० प्रतिशत जनताको साथमा जति सम्पत्ति छ त्यो सबै गैरकानूनी हुन्छ । छिमेकमा २ जना छन् एउटा सरकारी जागीर खाएर काठमाडौंमा आलिशान दरबार बनाएको हुन्छ । अर्कोले गाउँमा पूजाआजा गरेर काठमाडौंमै घर बनाएको हुन सक्छ । अब खोज्दै जाने हो भने सरकारी जागीरवाला जो चलाख छ स्रोत सहजै देखाउन सक्छ । उसको तलब, भत्ता, विदेश भ्रमण, आईएनजीओहरूले दिने तालीमको भत्ता, महँगी भत्ता, सरसफाइ भत्ता, घरभाडा, सवारी भाडा जोडर उसको घरको स्रोत खुल्छ । अर्को पण्डित उसले पूजाको दक्षिणा, चामल, सुन, भूमिदान आदिले घर त बन्छ तर स्रोत कसरी देखाउने ? दक्षिणा कसैले चेकमा दिँदैन गोदानको पैसाको हिसाब ट्यालीले बुझ्दैन । यही र यस्तै कारणले गर्दा, धेरैसँग पैसा हुन्छ स्रोत हुँदैन । त्यो पैसालाई लगानीमा आउन नदिनासाथ पूँजी पलायनको सम्भावना बढ्न थाल्छ ।

नेपालमा क्रोनी क्यापिटाजिम (नातागोता पूँजीवाद) को कुरा पनि जोडतोडले उठिरहेको छ । यसमा नेता र उच्च कर्मचारीकै बाहुल्य छ भन्ने कुरा कसैबाट लुकेको छैन । नेता र कर्मचारी आफू साधू हुने र सम्पत्ति आफ्नो नातागोतामार्फत लगानी गर्ने परिपाटीलाई ' क्रोनी क्यापिटालिजम' भनिन्छ ।

कालाबजारीको पैसा र 'क्रोनी क्यापिटलिजम'बाट आएको पैसामध्ये कुन खराब हो भनी कसैले सोधेमा नातागोता पूँजीवाद नै खराब हुन्छ । किनकि त्यो पूरै भ्रष्टाचार हो भने कालोधनमा नतिरिएको कर मात्र अवैध हो । तर विकास हुन्छ , मानिसले रोजगारी पाउँछन् भने उद्योगमा लगानी गर्न दिने र अबका दिनमा सबै किताबमा कडाइ गर्न सक्ने हो भने देशमा उद्योग खुल्ने वातावरण सृजना हुन्छ ।

अन्धाधुन्ध कालोधन जम्मा गर्नेलाई सीधै लगानी गर्न दिने हो भने देश नै टाट पल्टन्छ । तर, परिस्थिति हेरेर निश्चित रकमसम्म उद्योगमा लगानी गरेमा स्रोत खोजिने छैन । त्योभन्दा बढी निश्चित सीमासम्मको रकममा पूर्वकर तिरेर लगानी गर्न पाइनेछ । त्योभन्दा बढी सरकारले जफत गर्ने छ भन्ने तरीका अवलम्बन गरेर पनि लगानी विस्तार गर्न सकिन्छ ।

कानूनको डरले खुला सिमानामार्फत धन बाहिर जाने वा सम्पूर्ण धन माटोमुनि घैलामा पुरेर राख्नुपर्ने बाध्यता आउनु हुँदैन कर पनि उठोस् नगद बाहिर नउम्कोस्को रणनीतिमा सरकार चल्नुपर्छ । अर्थ मन्त्रीले ज्यादै कडा गरेकाले शेयरमा लगानी गर्न डराएका मानिस राष्ट्रिय सभामा उहाँको उम्मेदवारी नपर्ना साथ शेयर धमाधम बढिरहेको छ । त्यसैले लौरो पनि नभाँचिने र साँप पनि मर्दै जाने किसिमको नरम अर्थनीति आवश्यक भएको छ । ●











# समृद्धि र आर्थिक पत्रकारिता

***प्रविधिको कारण विकसित भएको अनलाइन माध्यमलाई कसरी व्यवस्थित र मर्यादित गराउने भन्नेमा सञ्चार मन्त्रालय, प्रेस काउन्सिल, पत्रकार महासंघ लगायतका निकायहरूले आवश्यक पहलकदमी लिनुपर्छ ।***



रिसव गौतम

राज्यको चौथो अंग पत्रकारितालाई समाजको 'वाच डग'को रुपमा लिइन्छ । पत्रकारिता व्यवस्थीत हुनसक्यो भने समाजका आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक, साँस्कृतिक लगायत समग्र आयामहरुमा परिवर्तन आउन सक्छन् । समाज र राष्ट्र व्यवस्थीत हुनसक्छ । विकसित मुलुकहरुमा हेर्ने हो भने सबैभन्दा शिक्षित र बौद्धिक बर्गहरु पत्रकारितामा सग्लन रहेका पाइन्छन् । पत्रकारिता पनि अत्यन्त अनुसन्धानमुलक, तथ्यपरक र विश्लेषणात्मक हुने गरेका दृष्ठान्त छन् । चाहे चाइनाबाट निस्कने बेइजिङ रिभ्यु वा चाइना डेलीकै कुरा गरौं वा अमेरिकाबाट प्रकासित हुने न्युर्योक टायम्स, हफिन्टन पोष्टकै कुरा गरौं अथवा बेलायतबाट प्रकासित हुने फोर्स म्यागेजिनकै कुरा गरौं वा बीबीसी-सिएनएन जस्ता विश्व प्रसिद्ध मिडियाहरुकै कुरा गरौं । ती सबै मिडिया हाउसहरु वा जर्नलहरुले ठुला-ठुला अनुसन्धानमुलक रिर्पोटहरु बाहिर ल्याएका हुन्छन् । जसले कतिपय अवस्थामा पुरा विश्व हल्लाइ रहेको हुन्छ । तीनिहरुले प्रकासित गर्ने जर्नलहरुले समाज, राष्ट्र र अर्न्तराष्ट्रिय जगत बुझ्न महत्वपूर्ण भुमिका निभाइरहेको हुन्छ । यसरी विश्व परिवेशलाई नियाल्ने हो भने पत्रकारिता सबैभन्दा बौद्धिक र सम्मानीत पेशाको रुपमा विकसित भएको देखिन्छ । तर नेपाल, भारत, वंगलादेश लगायत आर्थिक विकास र सगम्र सम्मृद्धिमा केही कमजोर तर उदार लोकतन्त्र भएको मुलुकमा मिडियाहरु व्यवस्थीत एवं गर्भ गर्न लायक हुन सकेका छैनन् । यद्यपी प्रेस स्वतन्त्रतालाई यी मुलुकहरुले पनि अंगिकार गरेका छन् ।

खासगरी यी देशहरु विभिन्न राजनीतिक संकटहरुबाट गुज्रनु परेको, विभिन्न खाले सामन्तबादी शासन व्यवस्था झेल्नु परेकोले पनि यहाँका जनताले उचित शिक्षा दिक्षाको अवसर पाएनन् । शिक्षा, स्वास्थ्य तथा सञ्चारको क्षेत्रमा आवश्यक प्रगती हुन सकेन । फलस्वरुप जनताहरु प्रर्याप्त चेतनशील हुन सकेनन् । चेतना कमजोर भएपछि मान्छेले आफनो आवश्यकता बाहेक देश तथा समाजको आवश्यकता र विकासलाई अपरिहार्य ठान्दैन । जनता शिक्षित एवं चेतनशील नभएपछि पत्रकारिता पनि व्यवस्थीत एवं उत्तरदायी हुन सक्दैन । कमजोर शैक्षिक धरातलका मान्छेहरु पत्रकारिताको आडमा आफ्नो बिहान बेलुकीको छाक टार्ने हिसावमा यहाँ अघि बढेका पाइन्छन् । फलत यहाँको पत्रकारिताले आर्थिक रुपान्तरण, विकास एवं सम्बृद्धिलाई चाहे जति टेवा दिन सकेको छैन । बरु स्वार्थ समुहहरुको प्रयोगवादी जञ्जालमा यहाँको पत्रकारिता फसेको छ । नेपालमा अहिले भएको पत्रकारिता व्यवस्थीत र समाज एवं राष्ट्र प्रति उत्तरदायि हुन सक्थ्यो भने भष्टाचार नियन्त्रण, सद्चारिता, राजनीतिक स्थीरतामा निकै ठुलो योगदान पुग्थ्यो । यहाँ त पार्टी पत्रकारिता भइरहेको छ ।

केही हदसम्म पछिल्ला बर्षहरुमा पत्रकारिता व्यवसायिक एवं मर्यादीत हुदै नगएको होइन । केही प्रयास भएकै छन् । त्यसै भएकोले पनि भष्टाचार एवं अनियमितता, राजनीतिक तथा आर्थिक अपराध लगायतका समाचारहरु बढी नै आइरहेका देखिन्छन् । फलस्वरुप भष्ट्राचारी, दलाल एवं शोसक सामन्तहरु पत्रकार तथा पत्रकारिता प्रति नै एकाध त्रुटिपूर्ण घट्नालाई देखाएर चोर औंला ढड्याइ रहेका छन् । पत्रकारिता क्षेत्रलाई नियन्त्रणमा राख्ने हर्कत गरिरहेका छन् ।

वास्तम्बमा नेपालमा शाताब्दीयौं लामो पत्रकारिता जगत अझै परिवर्तनमुखी हुन नसकेको हो । लोकतन्त्र आइसकेपछि यो पेशा अझै विस्तारित भएपनि विभिन्न तवरका विकृतिहरु भित्रिएका हुन । जसलाई नियन्त्रण र व्यवस्थापन गर्न नसक्नु नियामक निकायहरुको कमजोरी हो । पत्रिकारितालाई ब्यवस्थीत गर्न प्रेस काउन्सिल, पत्रकार महासंघ, सुचना विभाग लगायत अन्य संस्थाहरु लागि त परिरहेकै छन् । तर अझै मिहिनत पुगेको देखिदैन ।

विगतमा जे जस्तो भएपनि यस क्षेत्रमा शिक्षित बर्गको प्रवेश गराउन उत्तिकै आवश्यक देखिन्छ । अहिले त सामाजिक रुपमै पत्रकारिता क्षेत्रलाई औंला ठड्याएका अवस्था छन । यसमा मुल रुपमा अशिक्षित वर्गको प्रवेश (जिविकोपार्जमुखी पत्रकारिता) ले यी समस्या निम्तिएका हुन् । पत्रकार महासंघले कम्तिमा १२ कक्षा उर्त्तिण नभएकाहरु यस क्षेत्रमा प्रवेश गर्न नपाइने भनेर कुरा अघाडी बढाएको छ । जो सकारात्मक भएपनि यसलाई अझ कडाइ र व्यवस्थीत एवं शिक्षित वर्ग आर्कषण गर्ने हिसावले अघाडी बढाइनु आवश्यक छ ।

पत्रकारिताको क्षेत्रमा नयाँ-नयाँ परिवर्तन देखा परिरहेका छन । समाचारपत्रहरु, रेडियो, टिभिपछि यस क्षेत्रको कान्छो आयामको रुपमा अनलाइन मिडियाहरु (इन्टरनेटको साहयतामा समाचार पस्कने माध्यम ) आज संसारभर लोकप्रिय भइरहेका छन । नेपालमा पनि अनलाइन मिडियाहरु लोकप्रिय हुँदै गएका देखिन्छन् । तर विश्वासनीय र भरपर्दो भने भइसकेका छैनन् ।

प्रविधिको कारण विकसित भएको अनलाइन माध्यमलाई कसरी व्यवस्थीत र मर्यादित गराउने भन्नेमा सञ्चार मन्त्रालय, प्रेस काउन्सील, पत्रकार महासंघ लगायतका निकायहरुले आवश्यक पहलकदमी लिनुपर्छ ।

केही हदसम्म सञ्चारका एक माध्यमले अर्को माध्यमलाई थिच्न खोज्ने असहिष्णुण प्रवृत्ति पनि नेपालमा देखा परिरहेको छ । वास्तम्बमै त्यो गलत प्रवृत्ति हो । कुनै पनि माध्यमका आफनै खालका विशेषताहरु छन् । चाहे त्यो रेडियो, टिभि, पत्रपत्रिका, अनलाइन किन नहोस् । सबैका आफनै खालका विशेषता र महत्व छन् । तर पुराना सञ्चार माध्यम अपनाउनेहरुले न्यु मिडियाहरुलाई देख्नै चाहेका छैनन् । मिडियाकर्मीहरुले नै परिवर्तनलाई राम्ररी आत्मसाथ गर्न सकेका छैनन् भने समाज परिवर्तन गर्ने गरी कसरी कलम चलाउन सक्छन् । कतिपयले विगतमा बहस नै चलाएर प्रिन्ट मिडियाहरुको भविष्य अव सक्कियो समेत भने । तर सकिन्थ्यो कसरी ? मिडियाको एउटा नयाँ प्रविधि सम्पन्न आयाम भएर अनलाइन माध्यम देखा परेको हो । यसैको कारण अरु मिडियाहरु ध्वस्त हुने कुनै आधार छैन । त्यसकारण नयाँ सोच राख्नु पर्छ तर पुराना चीजको अस्तित्व सक्कियो भन्नु गलत नै हुन्छन् । किन भने कुनै जमाना दाल, भात, ढिँडो, तरकारी मात्रै खाने मात्रको जमाना पनि थियो । तर अहिले त हजारौं प्रकारका परिकारको आविस्कार भएका छन् । तर के दाल, भात, ढिँडो, तरकारीको सँस्कार हराएको छ र ? यसकारण पत्रकारिता पेशा अंगाल्नेहरुले लघुताभाषपूर्ण ब्यवहार देखाउन हुदैन । नेपालमा विकसित भएका सबै खालका मिडियाहरुलाई व्यवस्थीत गर्दै लैजानु आजको आवश्यकता हो ।



वास्तम्बमा अनलाईनहरुले तत्काल घटने समाचारहरुलाई छिटो छिटो रुपमा प्रकासित गर्नेमा पत्रिपत्रिकाहरुलाई उछिनी सकेका छन । तर खोजमुलक, तथ्यपरक र भरपर्दो समाचार पत्रिकाहरुले नै दिन सक्छन् । किनकी उनीहरुसँग प्रर्याप्त समय हुनेगर्छ । यसरी बढी गहिराइमा गएर घटना र विषयवस्तुहरु बुझ्नेका लागि पत्रिकाहरु प्रभावकारी हुन्छन् भने शिघ्र रुपमा जानकारीमुलक समाचारहरका लागि अनलाइन माध्यम उपयुक्त होला । यसरी मान्छेका विचार, अवधारणा र प्रवृत्ति अनुसार मिडियाहरु रोज्ने आधार झन् फराकिलो भएको छ । यसमा एकपछि अर्को मिडिया आएर घाटा कसैलाई भएकै छैन ।

विश्व बजारकै कुरा गर्दा अहिले मल्टी मिडियाको कन्सेप्टहरु अघि बढिरहेका छन् । त्यसकारण अनलाइनलाइ समेत ब्यवस्थीत र प्रभावकारी बनाउन चाल्नुपर्ने आवश्यक कदमको सम्बन्धमा सम्बन्धित निकायले अघाडी बढ्नुपर्छ । यस क्षेत्रका विकृतिलाई निराकरण गर्नु र सकारात्मक पाटोलाई उज्जागर गर्नु आजको आवश्यक हो ।

आर्थिक पत्रकारिताको महत्व

आर्थिक पत्रकारिता उधोग, व्यापार, बैक तथा वित्तिय संस्था, बीमा कम्पनीहरुबाट हुने वित्तीय कारोबार, शेयर बजार, सरकारका आय व्यय, नाफा घाटासँग सम्बन्धित पत्रकारिता हो । नेपालमा पछिल्ला दशक आर्थिक पत्रकारिता फष्टाउँदै गएको देखिन्छ । खासगरी बैंक तथा वित्तिय संस्थाहरु र बिमा कम्पनीहरुको फैलावट, आर्थिक गतिविधिहरुको बृद्धि र विकास, ब्यवस्थापन तथा अर्थशास्त्र विषय अध्ययन गर्नेहरुको बढ्दो चाप, उद्यमशीलता प्रति बढ्दो चासो लगायत कारण आर्थिक पत्रकारिता प्रति आर्कषण बढेको हो ।

अर्थ र आर्थिक गतिविधि नै प्रधान बन्दै गएको विश्व परिवेशमा यसरी नेपालमा पनि आर्थिक गतिविधिहरु प्रति मानिसहरुको चासो बढ्दै गएको छ । यसरी पाठकहरुको चासो आर्थिक विषयहरुमा बढ्दै गएसँगै आर्थिक पत्रकारिता पनि फष्टाउँदै जानु अन्यथा होइन । हाल नेपालमा २ दर्जन भन्दा बढी आर्थिक न्युजलाई फोकस गर्ने गरी अनलाइन समाचार माध्यमहरु सञ्चालित छन् । त्यसैगरी ३-४ वटा ब्रोडसिड दैनिक नै पूर्ण रुपमा आर्थिक समाचारहरु दिन तल्लीन छन् । त्यसैगरी आर्थिक विषयबस्तुलाई नै फोकस गरेर दर्जनौ साप्ताहिक, मासिक पत्रपत्रिका, टिभि तथा रेडियोहरु समेत छन् । यसरी नेपालमा आर्थिक पत्रकारिताले दह्रोसँग जरो गाडेको छ । ठुला लगानीका ठुला दैनिक पत्रपत्रिकाहरु नै पनि पछिल्ला बर्षहरुमा आर्थिक समाचारहरुलाई प्राथमिकताका साथ प्रकासित गर्दै आइरहेका छन् । वास्तम्बमै ती सह्रायिन काम हुन् । आर्थिक गतिविधिका समाचारहरुलाई प्राथमिकता दिँदा मान्छेका ध्यान पनि अर्थोपार्जन, उद्यमशीलतामा केन्द्रित हुने हुँदा निश्चिय नै त्यसले समृद्धिको यात्रामा मानिसहरुलाइ डोहोर्‍याउँछ । आजको नेपालीहरुको आवश्यकता पनि आर्थिक विकास र सम्मृद्धि नै हो । पुरा विश्व समुदाय यतिवेला आर्थिक रुपमा कसरी शक्तिशाली एवं सम्पन्न हुने भन्ने प्रतिस्पर्धामा छ । त्यो खालको प्रतिस्पर्धामा नेपालले पनि हात धोएर लाग्नुपर्छ ।

खासगरी आर्थिक पत्रकारिताले राज्यको, विभिन्न वित्तिय तथा गैर वित्तिय संघ संस्थाको, व्यापारिक प्रतिष्ठानहरुको आर्थिक गतिविधि र गणितको व्याख्या विश्लेषण, सुचना संश्लेषण र प्रकाशन गर्ने भएकोले त्यो आम मानिसको सरोकारको विषय बन्छ । त्यस्ता सुचना, संलेषण, विश्लेषणबाट मानिसहरुमा वित्तिय, व्यापारिक तथा उद्यमीय चेतना अभिवृद्धि हुन्छ । आर्थिक पत्रकारिताको माध्यमबाट प्राप्त हुने सुचना र विश्लेषणहरुबाट अवसरको खोजीमा रहेकाहरुले अवसरको विश्लेषण गर्न सक्दछन् । आफ्नो रुची र आवश्यकता अनुसारको उद्यम, ब्यापार, व्यवसाय वा पेशा अंगाल्न चाँहदा त्यसका अवसरहरु आर्थिक समाचारहरुको माध्यमबाट पहिल्याउन सक्दछन् । स्वदेशमै वा आफैले चाँहदा पनि केही गर्न सकिन्छ भन्ने आत्मविश्वास आर्थिक पत्रिकारिताले भरिदिन सक्छ । विभिन्ने पेशा, व्यवसाय वा अध्ययनका निम्ती आर्थिक पत्रकारिताको माध्यमबाट त्यसभित्रका अर्न्तय पहिलिन सक्छन् । आर्थिक पत्रकारिताबाट समाजमा मिहिनत र सिर्जनशिलताको जगमा सफल भएका उधमीहरुको अनुभव कथा बाहिर आउन सक्छ । जसले अरु धेरैलाई त्यसैगरी अघि बढन् हौसल्ला प्रदान गरिरहेको हुन्छ । त्यसकारण राज्यको आर्थिक रुपान्तर र सम्बृद्धिकै निम्ती पनि गहन आर्थिक पत्रकारिताको ठुलो खाँचो छ ।

साँच्चै भन्ने हो भने नेपालमा पछिल्ला दशक जतिपनि विकास भएका छन् । त्यो नीजि क्षेत्रकै अगुवाई र पहलमा भएका हुन् । कुनै बेला नेपालमा बैक भन्ने वित्तिकै नेपाल बैक लिमिटेड, राष्टिय बाणिज्य बैक र कृषि विकास बैक भन्ने बुझिन्थ्यो । तर जव ०४८-४९ सालबाट उदार आर्थिक नीतिको सुरुवात भयो । त्यसपछी नेपालमा नीजि क्षेत्रले पनि बैंकहरु खोले । आज नेपालमा सरकारी बैकहरु भन्दा कयौ गुणा सुविधा सम्पन्न र विश्वासिला ४ दर्जन भन्दा बढी बैकहरु छन् ।अत्यन्तै आधुनिक सेवा सुविधाहरु उनीहरुले दिइरहेका छन् । पछिल्ला दशक व्यापार व्यवसाय र उधोग कलकारखानाको विकासमा पनि यिनै निजी बैकहरुको भुमिका अहम छ । सरकारले त केवल राजश्व संकलन गर्ने र कर्मचारीको भरणपोषण गर्ने बाहेक उलेख्य केही त्यस्तो गर्न नसकेको आभास हुन्छ । हामीले हिँडने ठुला सडक, पुल पुलेशाा देखि धेरै त्यस्ता पुर्वाधारको क्षेत्रमा विदेशीहरुको अनुदान सहयोग नै रहेको देखिन्छ । यद्यपी सरकारले पनि साना मसिना कामहरु नगरेका भने होइनन् । शिक्षा, स्वास्थ्य र सुरक्षाका क्षेत्रमा राज्यको बजेट प्रभावकारी रहँदै आएको छ । जे होस् नेपालको अर्थतन्त्रमा नीजि क्षेत्रको आकार दुइ तिहाइ रहेको छ । तर, नीजि क्षेत्र बलियो हुनु वा सरकारी क्षेत्र बलियो हुनु दुबै राम्रा कुरा हुन् । त्यसकारण आर्थिक गतिविधिहरु बढाउन, पढेलेखेका युवायुवतीहरुलाई स्वदेशमै उद्यम व्यवसायमा लाग्न अभिप्रेरित गर्न, आर्थिक अवसरहरु सिर्जना गर्न, राज्य र आम नागरिकको ध्यान आर्थिक समुन्नतीमा केन्द्रित गर्न आर्थिक पत्रकारिताको महत्व अहम छ ।

***(लेखक गौतम आर्थिक विश्लेषक एवं पत्रकार हुनुहुन्छ)*** ●

विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
किशोर कुमार के.सी.
तृतीय उपाध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
एवं
एसआरके नेपाल प्रा.लि.
परिवार
गोंगबु चोकबाट आत्मशान मन्दिर जाने बाटो काठमाडौं, फोन: ४३५७६८३

बधाई तथा शुभकामना
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
राजाराम गौतम
अध्यक्ष
एवं
नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ
परिवार
संपर्क : ०१-४११२५०७

बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक
१७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको उपलक्षमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
मध्यान्ह राष्ट्रिय दैनिक १८औं बर्षमा प्रवेश
ईश्वर जीसी
प्रबन्ध निर्देशक
तथा
अक्सफोर्ड इन्टनेशनल प्रा. लि.
परिवार
जावलाखेल, ललितपुर, फोन: ५५५५५३१

हार्दिक बधाई
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन र विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।
ऋषिराम कंडेल
अध्यक्ष
दुर्गा बहादुर क्षेत्री
प्रबन्ध निर्देशक
तथा
आर. बि. ओभरसिज प्रा. लि.
परिवार
गोंगबु, काठमाडौं, फोन: ४३९०२१५,

हार्दिक बधाई
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन र विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको
मध्यान्ह राष्ट्रिय दैनिक
१७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
वाईड-स्पेस इन्टरनेशनल प्रा. लि.
परिवार
गैरीधारा-२, नक्साल, काठमाडौं, फोन: ४४१५५६१, ४००४६५०, ४००४५५०